

कम्युनिष्ट पार्टीभित्रको ljrng !

ओमप्रकाश गौतम
omgautam2078@gmail.com

२



**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९



जि.प्र.का.झापा द.नं.६९। ०५७७०५८ सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

दैनिक

# पूर्वसन्देश

PURBA SANDESH DAILY

purbasandesh.com



**आमा डेन्टल केयर प्रा. लि.**

दमक-६, थानारोड (प्रधान कार्यालय)
सम्पर्क नम्बर : 023-572643/9814912500
दमक–१, रबि स्टेन्ड गेट नजिक (शाखा कार्यालय)
सम्पर्क नम्बर: 023-577816

हाम्रा उपलब्ध डाक्टरहरु

१. डा. प्रनेस श्रेष्ठ (MDS- Orthodontist)
२. डा. सुस्मिता नेपाल (BDS- Dental Surgeon)
३. डा. मीरा आचार्य (BDS- Dental Surgeon)
४ डा. साहिद अलि (MDS- Maxillofacial Surgeon)

नोट : हप्ताको सातै दिन दन्त उपचार सेवा उपलब्ध छ।



वर्ष-२१ | अंक - ९७ | २०८२ चैत्र २० गते शुक्रबार | Friday, 03 Apr. 2026 | मूल्य ७ /-


## अस्पतालमै ओलीको बयान



दमक। प्रहरीको नियन्त्रणमा रहेका पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीसँग बयान लिन थालिएको छ। भदौ २३ र २४ मा भएको जेनजी आन्दोलन दमन गरेको कसुरमा पक्राउ परेका ओलीसँग अनुसन्धान अधिकृत र सरकारी वकिलले अस्पतालमा उनीसँग बयान लिन शुरू गरेका हुन्।

पक्राउ परेपछि स्वास्थ्य समस्या देखिएका ओलीलाई त्रिवि शिक्षण अस्पतालमा भर्ना गरिएको छ। चिकित्सकरूले अस्पताल बाहिर लैजान नमिल्ने राय दिएपछि ओलीसँग अस्पतालमा नै बयान लिन थालिएको जिल्ला प्रहरी परिसर काठमाडौंका एसपी पवन भट्टराईले बताए। उनले भने, बिहीबारदेखि उहाँसँग जाँचबुझ आयोगले किटान गरेको विषयमा बयान लिन थालेका छौं।' ओलीसँगै पक्राउ परेका पूर्वगृहमन्त्री रमेश लेखकको बयान पूरा भएको छ। लेखकको बयान पूरा भएको जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंका सहन्यायाधिवक्ता रामहरी काफ्लेले बताए।

## ओली र लेखकलाई दुई दिन म्याद थप

जिल्ला अदालत काठमाडौंले पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखकलाई थप दुई दिन हिरासतमा राख्न अनुमति दिएको छ। बिहीबार न्यायाधीश विष्णुप्रसाद अवस्थीको इजलासले अनुसन्धानका लागि दुई दिन म्याद थप गर्ने आदेश दिएको हो।

अदालतका सूचना अधिकारी दीपककुमार श्रेष्ठका अनुसार चैत १९ गतेबाट लागू हुने गरी दुई दिनको म्याद थप गरिएको छ। सरकारी वकिलको कार्यालयमार्फत प्रहरीले भने १० दिनको म्याद माग गरेको थियो।

अदालतका अनुसार लेखकको बयान लिने काम सकिएको छ भने केपी शर्मा ओलीको बयान लिने कार्य अझै जारी छ। आदेशमा ओलीको बयान पूरा गर्न तथा अन्य अनुसन्धानका कार्य सम्पन्न गर्न हिरासत आवश्यक रहेको उल्लेख गरिएको छ।

## कर्मचारीले भ्रष्टाचार गरे प्रमुख जिम्मेवार

काठमाडौं। सरकारले सार्वजनिक निकायमा हुने भ्रष्टाचार र अनियमितता रोक्न नयाँ नीति अख्तियार गरेको छ। मुख्य सचिव सुमनराज अर्यालले बिहीबार सबै मन्त्रालय, आयोग र सरकारी कार्यालयहरूलाई परिपत्र गर्दै कुनै पनि कार्यालयमा भ्रष्टाचारजन्य कार्य भएको पाइएमा सम्बन्धित कार्यालय प्रमुखलाई नै प्रारम्भिक रूपमा जिम्मेवार बनाउने निर्णय भएको जानकारी दिएका हुन्।

गत भदौमा भएको जेन-जी युवाहरूको आन्दोलन र त्यसपछिको निर्वाचनबाट गठित नयाँ सरकारले सुशासनलाई उच्च प्राथमिकतामा राखेकाले यस्तो कदम चालिएको हो। मुख्य सचिव अर्यालद्वारा जारी निर्देशनमा सरकारी कार्यालय र कर्मचारीहरूलाई दक्ष, व्यावसायिक र सदाचारयुक्त बनाई जनविश्वास आर्जन गर्न भनिएको छ।

## १७ बिचौलिया सुनसरीबाट पक्राउ

इटहरी। जिल्ला प्रहरी कार्यालयले यहाँका दुई सरकारी कार्यालयबाट विहिबार १७ जना बिचौलियालाई नियन्त्रणमा लिएको छ।

सेवाग्राहीलाई दुःख, हैरानी दिएको सूचनाका आधारमा सुनसरी सदरमुकाम इनरूवामा रहेको जिल्ला मालपोत कार्यालय तथा इटहरीस्थित यातायात व्यवस्था कार्यालयबाट १७ जना बिचौलियालाई नियन्त्रणमा बाँकी ४ पेजमा

### प्रतिनिधिसभाको पहिलो बैठक

# सत्तापक्ष लचिलो, विपक्षी आक्रामक

✍ खगेन्द्र कार्की

दमक। प्रतिनिधिसभाको नवनिर्वाचित पहिलो बैठकमा सरकार, प्रतिपक्ष र स्वतन्त्र सांसदहरूको धारणा स्पष्ट रूपमा प्रस्तुत हुँदै राजनीतिक बहस तीव्र बनेको छ। बैठकमा नयाँ सरकारप्रति समर्थन, आलोचना र सुझावहरु सँगसँगै उठेका छन्, जसले आगामी संसदीय गतिविधिको दिशा संकेत गरेको छ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले जनताले आफ्नो पार्टीलाई केवल सिंहदरबार सञ्चालन गर्न नभई परिवर्तन गर्ने जिम्मेवारी दिएको बताएका छन्। उनले जनादेशप्रति आभार व्यक्त गर्दै त्यसको प्रत्युत्तर काममार्फत दिने प्रतिबद्धता जनाए। साथै, विगत सरकारबाट राजनीतिक नियुक्ति पाएका व्यक्तिहरूलाई राजीनामा दिएर मार्ग प्रशस्त गर्न आग्रह गर्दै उनले नयाँ सरकारलाई सहयोग गर्न अपिल गरे।

लामिछानेले भदौ २३ र २४ गतेको आन्दोलनका क्रममा ज्यान गुमाएकाहरूलाई स्मरण गर्दै न्यायको विषयमा स्पष्ट धारणा राखे। उनले पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र नेता रमेश लेखकको पक्राउप्रति उठेका प्रश्नमा प्रतिक्रिया दिँदै कानुनी प्रक्रिया अनुसार काम भइरहेको बताए। 'न्याय पाउने पहिलो हक पीडितको हो, यसलाई प्रतिशोध भन्न मिल्दैन,' उनले उल्लेख गरे। उनले पारदर्शी परराष्ट्र नीति अवलम्बन गर्ने र विदेशी लगानीकर्तालाई सुरक्षाको प्रत्याभूति दिने पनि बताए।

नेपाली कांग्रेसका सांसद भीष्मराज आङ्देम्बेले जाँचबुझ आयोगको प्रतिवेदन कार्यान्वयनबारे सरकारलाई प्रश्न गर्दै दोषी उम्किन नहुने र निर्दोष नफस्नुपर्ने धारणा राखे। उनले संसद भवन र सिंहदरबारमा भएको क्षतिको निष्पक्ष अनुसन्धान आवश्यक रहेको बताए। साथै, संविधानविपरीत गतिविधि भए कांग्रेस प्रतिरोधमा उत्रिने चेतावनी दिए।

नेकपा (एमाले)का सांसद गुरु बरालले बैठक सुरु हुनेबित्तिकै विरोध जनाउँदै मौलिक हक हनन भएको आरोप लगाए। उनले संविधानले प्रत्याभूत गरेका अधिकारहरु उल्लंघन भएको दाबी गर्दै सरकारद्वारा शान्तिपूर्ण प्रदर्शनमाथि दमन गरिएको आरोप लगाए। उनले ओली र लेखकको रिहाइ तथा घटनाहरूको निष्पक्ष छानबिनको माग गरे।

एमाले संसदीय दलका नेता रामबहादुर थापाले रास्वपाको विजयप्रति व्यंग्य गर्दै विभिन्न शक्ति र घटनाहरूको भूमिकाबारे प्रश्न उठाए। उनले भदौ २३-२४ को आन्दोलन, सरकारी संरचनामा भएको क्षति र पछिल्ला पक्राउबारे सरकारसँग स्पष्ट जवाफ माग गरे। उनका अभिव्यक्तिले संसद्को पहिलो दिनमै राजनीतिक ध्रुवीकरण देखाएको छ।

नेकपाका सांसद वर्षमान पुनले सरकारलाई रचनात्मक सहयोग गर्ने प्रतिबद्धता जनाउँदै विगतका कमजोरीबाट पाठ सिक्न सुझाव दिए। उनले बहुमतको सदुपयोग गर्न नसकेको अनुभव सुनाउँदै वर्तमान नेतृत्वलाई सचेत रहन आग्रह गरे।

स्वतन्त्र सांसद महावीर पुनले शिक्षा क्षेत्र सुधार, विश्वविद्यालयलाई राजनीतिक प्रभावबाट मुक्त गर्न र विज्ञान तथा बाँकी ४ पेजमा

## संसद्मा बादलको भाषणले एमालेमा तरंग

*दमक। प्रतिनिधिसभामा रामबहादुर थापा 'बादल'ले दिएको भाषणपछि नेकपा (एमाले) भित्र तरंग पैदा भएको छ। पार्टी उपाध्यक्ष विष्णुप्रसाद पौडेलले थापाको अभिव्यक्ति पार्टीको स्थापित नीति र मान्यताविपरीत रहेको भन्दै केन्द्रीय सचिवालय बैठकमा गम्भीर छलफल हुने बताएका छन्। पौडेलले बिहीबार सामाजिक सञ्जालमार्फत प्रतिक्रिया दिँदै प्रतिनिधिसभाको बैठकमा एमाले संसदीय दलका नेताको हैसियतले थापाले व्यक्त गरेका विचार पार्टीको आधिकारिक धारणा नभएको स्पष्ट पारे।*

*उनले शुक्रबार बस्ने केन्द्रीय सचिवालय बैठकमा यसबारे गम्भीर समीक्षा हुने र उचित निर्णय हुने बताएका छन्। यसैबीच एमाले उपमहासचिव योगेश भट्टराईले पनि पार्टीको वैचारिक धारणा स्पष्ट पार्दै जनताको बहुदलीय जनवाद (जबज) एमालेको मार्गदर्शक सिद्धान्त भएको बताएका छन्। उनले प्रतिस्पर्धाबाट श्रेष्ठता हासिल गर्ने, शान्तिपूर्ण र संवैधानिक बाटोबाट समाजवादको आधार तयार गर्ने एमालेको मूल नीति रहेको उल्लेख गरे।*

*भट्टराईले एमाले विपक्षमा रहेपनि राज्यका संस्थाहरूप्रति सम्मान र विश्वास कायम रहने बताए। उनले नेपाली सेना, न्यायालय, संवैधानिक निकाय तथा कर्मचारीतन्त्रप्रति पार्टीको कुनै बैरभाव नरहेको स्पष्ट पारे। यसअघि प्रतिनिधिसभाको बैठकमा थापाले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को फागुन २१ गतेको चुनावी विजयलाई लिएर व्यंग्य गरेका थिए।*

## एक महिनामै एसईईको नतिजा

दमक/ नेपालको माध्यमिक शिक्षा परीक्षा (एसईई) बिहिबार देखि देशभर एकैसाथ सुरू भएको छ। परीक्षाको पहिलो दिन अनिवार्य अङ्ग्रेजी विषयको परीक्षा सञ्चालन भएको छ।

यस पटकको एसईईमा देशभर र वैदेशिक केन्द्रसहित गरी ५ लाख १२ हजारभन्दा बढी विद्यार्थीहरु सहभागी भएको राष्ट्रिय परीक्षा बोर्डले जनाएको छ। परीक्षालाई विगतको तुलनामा थप व्यवस्थित, प्रविधिमैत्री र नतिजामुखी बनाउन विशेष रणनीतिक योजना बोर्डले अघि सारेको छ।

यसैविच सरकारले माध्यामिक शिक्षा परीक्षा एसईई सकिएको एक महिनामै नतिजा प्रकाशित गर्ने भएको छ। शिक्षामन्त्री सस्मित पोखरेलको निर्देशनअनुसार राष्ट्रिय परीक्षा बोर्डले कार्यविधि पास गरेर परीक्षा केन्द्रमै उत्तरपुस्तिका परीक्षण र संपरीक्षण गरी एक महिनामै नतिजा प्रकाशन गर्ने निर्णय गरेको हो। विगतका वर्षहरूमा परीक्षा सम्पन्न भएको ७९औं दिनमा नतिजा प्रकाशित गर्दै आएको थियो।

## राष्ट्रियसभाका सांसद्को प्रतिक्रिया

काठमाडौं। राष्ट्रियसभाको बिहीबार को बैठकमा विभिन्न दलका सांसदहरूले नवगठित सरकारप्रति शुभकामना व्यक्त गर्दै रचनात्मक सहयोग गर्ने प्रतिबद्धता जनाएका छन्। कृष्णप्रसाद सिटौलाले सरकारलाई बधाई दिँदै जनताको हितमा काम गरे पूर्ण समर्थन रहने बताए र कामकै आधारमा मूल्यांकन हुने स्पष्ट पारे।

त्यस्तै, मदनकुमारी शाह गरिमाले सङ्घीय लोकतान्त्रिक गणतन्त्र बलिदानीबाट प्राप्त भएको उल्लेख गर्दै सरकारको १०० दिने कार्यसूची अपूर्ण रहेको आरोप लगाइन्। प्रेमप्रसाद दंगालले जनताको जीवनस्तर सुधार, राष्ट्रियता र एकता सुदृढीकरणमा सरकार केन्द्रित हुनुपर्ने बताए र कार्की आयोगको प्रतिवेदनका आधारमा भएका पक्राउप्रति आपत्ति जनाए।

पूजा चौधरीले सुशासन र भ्रष्टाचार नियन्त्रणका प्रयासमा सरकारलाई समर्थन जनाइन् भने महन्थ ठाकुरले बेरोजगारीजस्ता समस्या अझै कायम रहेको उल्लेख गरे। बाँकी ४ पेजमा

## डिपी अर्याल सभामुखमा पक्का



दमक। राष्ट्रिय स्वतन्त्र पार्टीले उपसभापति डोलप्रसाद डीपी अर्याल सभामुख हुने भएका छन। उनलाई सभामुखको उम्मेदवार बनाउने निर्णय राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले गरेपछि अर्याल सभामुख बन्ने पक्का भएको हो।

पार्टी सभापति रवि लामिछानेको प्रस्तावमा सर्वसम्मत रूपमा अर्याललाई सभामुखमा अगाडि बढाउने निर्णय गरेको प्रवक्ता मनिष झाले जानकारी दिए। आगामी चैत २२ गते संसद बैठक डाकिएको छ। सोही बैठकले नयाँ सभामुख चयन गर्ने अपेक्षा गरिएको छ। स्थापनाकालदेखि नै उपसभापति बनेका बाँकी ४ पेजमा

# निर्माण क्षेत्रमा युद्धको प्रभाव

✍ गोपाल झापाली

दमक/ पश्चिम एशियामा जारी द्वन्द्वको प्रभाव नेपाली निर्माण क्षेत्रमा पनि देखिन थालेको छ। खास गरि सडक कालोपत्र गर्न आवश्यक पर्ने पेट्रोलियम वस्तु अलकत्रा (बुटुमिन) आयातमा अवरोध हुँदा यसको प्रभाव सडक निर्माण र विस्तारमा देखिएको हो।

अलकत्रा आयातमा अवरोध देखिएका कारण सडक निर्माण कार्य प्रभावित हुन थालेको सडक विभागले जनाएको छ। विभागका उपमहानिर्देशक तथा प्रवक्ता श्यामबहादुर खड्काले बिटुमिनको आयातमा आएको कमी र बढ्दो मूल्यका कारण देशभरका सडक आयोजनाहरूको काम प्रभावित भएको बताए। सडकको बेस तयार भएर कालोपत्रे गर्ने मुख्य सिजन भए पनि अलकत्रा सहज उपलब्ध नहुँदा आयोजनाहरु अलपत्र पर्ने जोखिम बढेको उनले जनाएका छन्। बजारमा भाउ बढेको र उपलब्धता पनि सहज नभएकाले काम अघि बढाउन समस्या भएको हो।

यस्तै नागढुंगा-मुग्लिन, मुग्लिन-पोखरा, हुलाकी राजमार्गलगायत हाल निर्माणाधीन महत्वपूर्ण सडकमा बिटुमिनको अभावका कारण काम प्रभावित भएको छ। हप्तामा एक-दुई पटकमात्र बिटुमिन पाउने अवस्था रहेका कारण समयमै काम सम्पन्न गर्न कठिन भएको छ। बिटुमिनको अभावले पारेको प्रभावबारे विभागले थप जानकारी लिने र समस्या बुझ्ने काम गरिरहेको पनि प्रवक्ता खड्काले बताए। हिउँदको समयमा सडक निर्माणले गति लिनुपर्ने भए पनि आवश्यक सामग्रीको अभावले काम पछाडि धकेलिने देखिएको छ।

सडक डिभिजनले काठमाडौंका सडकलाई खाल्डाखुल्डीरहित बनाउने अभियानलाई निरन्तरता दिइरहेको छ। सडकमा देखिने समस्या तत्काल समाधान गर्न सञ्चालनमा ल्याइएको सडक एम्बुलेन्स सेवाले पनि प्रभावकारी रूपमा काम गरिरहेको बाँकी ४ पेजमा

## तीन अध्यादेश संसद्मा पेश

काठमाडौं। प्रतिनिधिसभाको बिहीबारको बैठकमा गृहमन्त्री सुधन गुरूङले तीन अध्यादेश पेस गरेका छन्।

सभाको पहिलो अधिवेशनको पहिलो बैठकमा दलीय आधारमा सदस्यहरुले मन्तव्य राखिसकेपछिको नियमित कार्यसूचीअन्तर्गत उहाँले 'नागरिकता बाँकी ४ पेजमा

## किओचलाई ५ करोड सहयोग

झापा। नेपालको प्रतिष्ठित औद्योगिक घराना गोल्छा ग्रुपले काठमाडौं इस्टिच्युट अफ चाइल्ड हेल्थ (किओच) लाई ५ करोड रूपैयाँ आर्थिक सहयोग प्रदान गरेको छ।

बालबालिकाका लागि सहज उपचार र गुणस्तरीय स्वास्थ्य सेवा विस्तार गर्ने उद्देश्यले उक्त सहयोग प्रदान गरिएको ग्रुपले जनाएको छ।

कर्पोरेट सामाजिक उत्तरदायित्व (सीएसआर) अन्तर्गत गोल्छा ग्रुपका अध्यक्ष शेखर गोल्छाले किओचका संस्थापक अध्यक्ष डा.भगवान कोइरालाबीच सहयोगसम्बन्धी सम्झौता सम्पन्न भएको हो। सहयोग हस्तान्तरण गर्दै अध्यक्ष गोल्छाले सातै प्रदेशमा बाल अस्पताल निर्माण गर्ने अभियानमा जोडिन पाउँदा गर्व लागेको बताए। बाँकी ४ पेजमा

## नेतृत्वप्रति एमाले युवाको आक्रोस

दमक। नेकपा एमालेको पार्टी कार्यालय च्यासलमा पार्टीका युवा कार्यकर्ताले प्रदर्शन गरेका छन्। नेतृत्वको कार्यशैलीको विरोधमा युवाहरूले प्रदर्शन गरेका हुन्।

इलाम २ बाट दोस्रोपटक प्रत्यक्ष जित निकालेर सांसद भएका युवा नेता सुहाङ नेम्वाङलाई 'आन्तरिक प्रतिस्पर्धा'मै रोकेर एमालेले समानुपातिक सांसद उपाध्यक्ष रामबहादुर थापा बादललाई संसदीय दलको नेता चयन गरेपछि बुधबार पनि युवाहरूले प्रदर्शन गरेका थिए। युवाहरूले आजसम्मको योगदानका लागि आभार व्यक्त गर्दै अब नयाँ पुस्ताको नेतृत्व र विचारलाई अघि सार्नुपर्ने माग गरेका छन्। उनीहरूले 'हामी कार्यकर्ता हौं, नेताको दास होइन', 'नेतृत्व सुुएिन भने विद्रोह हुन्छ', 'जबजलाई लागू गर, जबजको अपव्याख्या बन्द गर'जस्ता नारा लेखिएका पम्प्लेट प्रदर्शन गरेका थिए।

## निवास नबेचिएको देउवाको स्पष्टिकरण



दमक। नेपाली कांग्रेसका निवर्तमान सभापति शेरबहादुर देउवाले काठमाडौंको बूढानीलकण्ठस्थित निजी निवास नबेचिएको जनाएका छन्।

देउवाले सचिवालयमार्फत् बिहीबार बूढानीलकण्ठस्थित ठूलो क्षेत्रफलमा फैलिएको घर बिक्री नभएको जनाएका छन्।

गत भदौ २४ गते जेन(जी आन्दोलनकारीका नाममा एउटा समूहले जलाएपछि उक्त घर अहिले भत्काइएको छ। केही दिनयता करिब ४ अर्ब रूपैयाँमा उक्त घर बेचिएको समाचार आएपछि विदेशमा रहेका देउवाले सचिवालयमार्फत् स्पष्टीकरण दिएका हुन्। देउवा निवासबारे उनको सचिवालयले अहिलेसम्म बिक्री नगरिएको र बेच्ने योजना पनि नरहेको प्रष्टिकरण दिएको हो।


**Water Supply and Sanitation Consumer Committee**
**Damak, Jhapa**
**Koshi Province , Nepal**
***Date of publication in Ebid: 3rd April 2026***

The WSSCC Damak invites ***electronic*** bids from eligible bidders for the Procurement of Following project under NCB under Special Circumstance Procurement (15 days Notice)

| SN | Contract Identification No | Name of Project | Cost of Document | Bid Security Amount |
|---|---|---|---|---|
| 1 | WSSCC/DMK/FILTER/6/ 2082-83 | Construction, Supply Delivery and Installation of Filtration Plant for WSSCC 2082-83 | Nrs 3000 | *Nrs* **1,37,300** |

Eligible Bidders may obtain further information from www.bolpatra.gov.np/egp.

**Information to deposit the cost of bidding document and Bid Security**
Name of the Bank: Rastriya Banijaya Bank, Damak Branch
A/C Name: **KHANEPANI & SARSAFAI UPA. SAMITI**
A/C No.: 2140100003293001

# सम्पादकीय

## समृद्धीका लागि गरिखान सिकाउने शिक्षाको खाँचो

बिहिबारबाट एसईई परीक्षा शुरू भएको छ । सर्वप्रथमत परीक्षामा सहभागी सवै विद्यार्थीहरूलाई सफलताको शुभकामना । केहि वर्ष अघि सम्म एसएलसी भनिने कक्षा १० पछिको परीक्षा फलामे ढोकाको रूपमा चित्रित गरिंदा धेरै विद्यार्थीहरूको सातो जाने विषय बन्ने गरेको थियो । तर कक्षा १२ सम्म विद्यालय तह बनेसँगै एसएलसी परीक्षा एसईई बनेको छ । यसप्रतिको भयभिद दृष्टिकोणमा पनि बदलाव आएको छ ।

एसईई चलि रहँद धेरै विद्यार्थीहरूको मनमा प्रश्न उठ्ने गर्दछ, अब के पढ्ने, कहाँ पढ्ने ? वास्तवमा विद्यालय तहबाटै भविष्य लक्षित शिक्षाको आवश्यकता आजको समयको सबैभन्दा महत्वपूर्ण विषय बनेको छ । परम्परागत रुपमा केवल परीक्षामा केन्द्रित शिक्षा प्रणालीले विद्यार्थीलाई जीवनोपयोगी सीप र स्पष्ट लक्ष्य दिन सकेको छैन । कक्षा १० सम्मको अध्ययनपछि विद्यार्थीहरु प्रायः अलमलमा पर्ने गरेका छन्-अब कुन विषय रोज्ने, के पढ्ने, भविष्यमा के बन्ने भन्ने अन्योलमा उनीहरु रहेका हुन्छन् । यस्तो अवस्थामा विद्यालय तहबाटै करियर उन्मुख मार्गदर्शन प्रदान गर्नु अपरिहार्य देखिन्छ ।

कक्षा १० पछि विद्यार्थीले आफ्नो रूचि, क्षमता र सम्भावनाको आधारमा भविष्यको स्पष्ट योजना बनाउन सक्ने वातावरण तयार गरिनु आवश्यक छ । विद्यालयहरुले 'करियर काउन्सेलिङ' को न्यवस्था गर्दै विज्ञान, न्यवस्थापन, प्राविधिक, कृषि, पर्यटन, सूचना प्रविधि लगायत विभिन्न क्षेत्रका सम्भावनाबारे जानकारी दिनुपर्छ । यसले विद्यार्थीलाई आफूअनुकूल विषय छनौट गर्न सहज बनाउँछ । सबै विद्यार्थी एउटै ढाँचामा फिट हुँदैनन् भन्ने यथार्थलाई स्वीकार गर्दै बहुविकल्पीय शैक्षिक मार्गहरु विकास गरिनु पर्छ ।

नेपालजस्तो विकासोन्मुख देशमा शैक्षिक बेरोजगारीको समस्या गम्भीर बन्दै गएको छ । उच्च शिक्षा हासिल गरेपछि पनि रोजगारीको सुनिश्चितता नहुनु, सीपको अभाव हुनु र श्रम बजारसँग शिक्षा प्रणालीको तालमेल नमिल्नु यसका प्रमुख कारण हुन् । त्यसैले अबको शिक्षा प्रणालीले केवल सैद्धान्तिक ज्ञान मात्र होइन, न्यावहारिक सीप, उद्यमशीलता र आत्मनिर्भरता विकासमा जोड दिनुपर्छ । विद्यालय तहदेखि नै प्राविधिक तथा न्यावसायिक शिक्षा समावेश गरिनु आवश्यक छ, जसले विद्यार्थीलाई सानो उमेरदेखि नै काम सिक्न र उत्पादनमा जोडिन प्रेरित गर्छ । स्वदेशमै गरिखाने वातावरण सिर्जना गर्नु अहिलेको प्रमुख आवश्यकता हो । विदेश पलायनको प्रवृत्ति बढ्दो छ, जसले देशको जनशक्ति र अर्थतन्त्रमा नकारात्मक प्रभाव पारिरहेको छ । यदि विद्यालय तहबाटै विद्यार्थीलाई स्थानीय स्रोत, सम्भावना र उद्यमशीलताबारे शिक्षित गरियो भने उनीहरु आफ्नै देशमा अवसर खोज्न र सिर्जना गर्न सक्षम हुन्छन् । कृषि, पर्यटन, साना उद्योग, सूचना प्रविधि जस्ता क्षेत्रमा पर्याप्त सम्भावना रहेका छन्, जसलाई शिक्षासँग जोडेर अघि बढाउन सकिन्छ ।

अन्ततः, कुनै पनि विद्यार्थीले उच्च शिक्षा हासिल गरेपछि पनि 'मैले केका लागि पढें ?' भन्ने प्रश्न गर्नुपर्ने अवस्था आउनु हुँदैन । शिक्षाले जीवनको स्पष्ट दिशा दिनुपर्छ, आत्मविश्वास बढाउनुपर्छ र गरिखाने आधार तयार गर्नुपर्छ । त्यसका लागि सरकार, विद्यालय, अभिभावक र समाज सबैले समन्वय गरी शिक्षा प्रणालीलाई समयअनुकूल रुपान्तरण गर्न आवश्यक छ । भविष्य लक्षित, सीपमूलक र न्यवहारिक शिक्षा नै समृद्ध नेपालको आधार बन्न सक्छ ।

# कम्युनिष्ट पार्टीभित्रको विचलन !



ओमप्रकाश गौतम
omgautam2078@gmail.com

**पटकपटक बहुमत ल्याउदै आएका ती कम्युनिष्टहरूले हिजो सेल्टर लिएका घर आजसम्म किन सम्झेनन् ? के भयो ? के हुँदैछन ती झुपडीहरू ? कहिलेपनि उनीहरुको बेदना बुझ्ने काम गरेनन्, सबैभन्दा ठूला भनाउँदा कम्युनिष्ट पार्टीहरूले । जनवादी केन्द्रियताका नाममा तिनै भडुवावाद र डनवाद र धनवादहरूलाई थपक्क टिपेर ल्याएर पद तथा गोपनियताको सपथ खुवाउने काममात्र गरे अहिलेसम्म । न बिचार रहयो, न सिद्धान्त रहयो, न पार्टी रहयो, न चुनाव चिह्न रहयो । क्रमश : अदलबदल हुँदै गएका कारण यतिबेला अग्निपरीक्षाको घडी समाप्त हुँदै गरेको देखिन्छ ।**

नेपालको क्रान्ति र निर्माणलाई बाटो देखाउने सिद्धान्त मार्कस्वाद ( लेनिनवाद हो । वर्तमान युगको विकसित मार्क्सवाद औधोगिक सर्वहारा वर्गको मात्र होइन, किसानहरूको सामाजिक मुक्ति र राष्ट्रिय स्वाधिनताको मार्गदर्शक सिद्धान्त पनि हो, मार्क्सवाद ( लेनिनवाद । आज मार्क्सवाद ( लेनिनवाद बाहेक सामन्ती शोषणबाट मुक्त पार्ने र साम्राज्यवादी उत्पीडनबाट राष्ट्रलाई स्वाधीन बनाउने आन्दोलनलाई बाटो देखाउने अर्को कुनै बैज्ञानिक प्रणाली छैन । सामन्तवाद दलाल नोकरशाही पूजीवाद र साम्राज्यवादलाई उन्मूलन गर्ने जनताको जनवादी क्रान्तिलाई नेतृत्व गर्ने अभिभारा वर्गीय रुपमा सर्वहारा श्रमजीवी वर्ग र राजनीतिक रूपमा मार्क्सवाद - लेनिनवादको मार्गदर्शनमा चल्ने सर्वहारा श्रमिक वर्गको राजनीतिक पार्टी बाहेक अरू कसैले पूरा गर्न सक्दैन भन्ने ठूला - ठूला नाराहरू क्रमश : नेपालमा च्याउझै उम्रदै आएका कम्युनिष्ट पार्टीहरूले आ - आफ्नो घोषणापत्रमा उल्लेख गरे, हिजोदेखि आजसम्म । सामन्तवाद र साम्राज्यवादको शोषण उन्मूलन गरि जनताको जनवादी ब्यबस्था कायम गरेर देशमा कम्युनिष्ट पार्टीहरूको सत्ता निर्माण हुनैपर्दछ भन्ने ठूला - ठूला विचार विमर्श कम्युनिष्टहरूले हिजोदेखिनै गर्दै आएका थिए । वर्तमानमा आइपुग्दा सत्ता र शक्तिको क्षयीकरणका कारण ती हिजोका जनवादी बिचारहरू क्रमश : खिया लाग्दै गएको आभाष महान नेपाली जनताहरूले अनुभूत गर्दै आएका छन । जनताको अभिमत पटकपटक तिनै सर्वहारा बर्गका कम्युनिष्टहरूलाइ बहुमतका साथ निर्वाचित गरे । सत्ताको भर्याङ्ग चढाए, जीवनलाई आहुतिदिन पछि हटेनन । हजारौं ( हजार ताता र राता रगतका टाटाहरू अझै छन यही नेपाली माटोमा । जसले आज तुहाइदिए, सत्ता र पदको भागबन्डामा । हिजोको सशस्त्र द्वन्दको तुफानी क्रान्ति गरेर देशमा नौलो क्रान्तिको जनमत ल्याउने उतिबेलाको माओवाद आज सङ्गीन मोडमा उभिन बाध्य छ, आखिर यो बनायो कसले ? तिनै पूर्व पन्चहरूले हो कि तिनै सर्वहारा बर्गका नवधनाढय कम्युनिष्ट पार्टीका नेताहरूले गर्दा हो ।

पटकपटक बहुमत ल्याउदै आएका ती कम्युनिष्टहरूले हिजो सेल्टर लिएका घर आजसम्म किन सम्झेनन् ? के भयो ? के हुँदैछन ती झुपडीहरू ? कहिलेपनि उनीहरूको बेदना बुझ्ने काम गरेनन्, सबैभन्दा ठूला भनाउँदा कम्युनिष्ट पार्टीहरूले । जनवादी केन्द्रियताका नाममा तिनै भडुवावाद र डनवाद र धनवादहरूलाई थपक्क टिपेर ल्याएर पद तथा गोपनियताको सपथ खुवाउने काममात्र गरे अहिलेसम्म । न बिचार रहयो, न सिद्धान्त रहयो, न पार्टी रहयो, न चुनाव चिह्न रहयो । क्रमश : अदलबदल हुँदै गएका कारण यतिबेला अग्निपरीक्षाको घडी समाप्त हुँदै गरेको देखिन्छ । हिजो जनयुद्धका नायकहरूले पार्टी छोडे, झण्डा छोडे, उनीहरू हिजोआज न घरको न घाटको बनेका छन । पुष्पलाल, मदन भण्डारी, माओवादको सिद्धान्तलाई छियाछिया पार्न उद्दत बने । यो किन र कसरी भयो ? के कारणले गर्दा भएको होला ? त्यसको समीक्षासम्म हुन नसक्दा भित्रभित्रै खिइदै गएको अनुभूत ती झुपडीमा बस्ने कर्तव्यनिष्ठ कार्यकर्ताको मात्र छ, जो अहिले पछुताइ रहेका छन । धिक्कारी रहेका छन, हामी किन कम्युनिष्ट भएछौ ? किन भएछौ ? केका लागि भएछौ ? हाम्रो हिजोको त्याग र तपस्या, समर्पणको मुनाफा कसले खाइदियो ? हिजोआज तिनै निरीह कार्यकर्ताको अनुसन्धानमा पर्न गएको छ, वास्तवमा यो परिणामको प्रतिफल गत फागुन २१ गतेको निर्वाचनको परिणामले सम्पूर्ण कम्युनिष्ट पार्टीलाई रसातालमा तिनै जनताहरूले पुर्याइ दिए । विसर्जनवाद र जडशूत्रवाद कम्युनिस्ट आन्दोलनका खररा हुन, यिनको विरूद्धमा विचारधारात्मक संघर्ष गर्नु सच्चा कम्युनिष्टहरूको कर्तव्य थियो हिजो तर आज त्योसम्म रहेन ।

सत्ता र शक्तिको उन्मादले गर्दा आज मरिच चाउरिएझै चाउरिन पुगे, कम्युनिष्ट पार्टीहरू । एउटा अर्को गज्जबको दृश्य कम्युनिष्ट पार्टी सिद्धान्तत : फुटनु, पदीय भागबण्डामा प्यानलाइज हुनु वाद - वादको झुण्ड तयार गर्नु आदि नेपालका ठूला या साना कम्युनिष्ट पार्टीभित्रको क्यान्सर रोग बन्दै गयो । एमाले पार्टीभित्र ओली - माकुने, एमाओबादीभित्र प्रचण्ड - बाबुराम, मोहन बैध किरणहरूको आन्तरिक मतभेद र पार्टीभित्र चरम गुटबन्दीले गर्दा नेपालमा भएका सम्पूर्ण कम्युनिष्ट एकीकृत हुन सकेनन । अन्ततः अहिले मुलधारका अधिकतम राजनीतिक दलहरूभित्र विभिन्न समस्यै - समस्या छन । मुल रूपमा प्रमुख नेतृत्वमा पदीय लोलुप्ता बढ्नु, बयोबृद्दहरूले पटकपटक ठूलो पद ग्रहण गर्नु, युवाहरूलाई पार्टीभित्र उपल्लो दर्जाको पद नदिनु, पद र पैसामा प्रतिष्ठा खोज्ने प्रवृत्ति बढ्नु, नेतृत्वको आचरण झन - झन भ्रष्ट हुँदैजानु, नेताहरूले गलत गरेकै छन भनेपनि उनीहरूको कर्तुत ढाकछोप गर्दै जानु, स्पस्ट बिचार राखेमा पार्टीमा कार्वाही गर्ने बानीको झुण्डहरूको जमात बन्दै जानु, नेतृत्वनै निरन्तर सिद्धान्त र कार्य नीतिबाट चिप्लिदै जानुले आम कार्यकर्तामा निराशा छाएरनै यो पटकको नयाँ बिचार र नयाँ परिवर्तन चाहेकोबाटै प्रष्ट हुन्छ कि अब कम्युनिष्टहरू सक्किने कि सच्चिने हो ? जनजन युवाहरूको ध्यानाकर्षण बढदो छ, हिजो पटकपटक एउटै चुनाव चिन्हमा जनमत दिएका लाखौं - लाख हातहरूले आज किन फरक पार्टी र चुनाव चिन्हनै रोज्यो त ?

नेताहरूले आफ्नो भूगोल र बिरासत भुलेकै कारणले वाक्क दिक्क भएर फरक मत जाहेर गरे, यो पटक युवा र बृद्धहरूले । हिजोका आन्दोलनका उपलब्धि संस्थागत गर्ने क्रममा देखिएका राजनीतिक उल्झनले राजनीतिलाई क्रमश : अनुत्पादक बनाउदै लग्यो, योसम्म थाहा पाएनन, नेपालका तमाम कम्युनिष्ट पार्टीहरूले । जनता हाम्रा हुन, उनीहरूलाई ढाटेर लुट्न सकिन्छ भन्ने साघुरो सोचको कारण जनमत उल्टियो यो पटक । अर्को कुरा पदीय भागबण्डाका कुराले, पार्टीमा चरमगुटबन्दीका कारणले, नवप्रवेशीहरूलाइ पार्टीको उपल्लो दर्जामा दर्ज गरेका कारणले, हलिया, मुक्त कमैया, जाती जनजातिका मुद्दामा राजनीति गरेर उनीहरूका मुद्दानै लावारिस बनाएका कारण जनता सबै कम्युनिष्ट पार्टीबाट अलग हुन चाहे, त्योपनि गोप्य मतदान गरेर । अब भन्नुहोस कि आगामी भबिष्य कम्युनिष्टहरूको पलायनतिर कि अझै रूपान्तरण भएर जाने हो ? यसका चुनौती र गाम्भीर्यताहरू धेरै छन किनकि देशमा आमुलपरिवर्तन चाहनेहरूले आज "निलो क्रान्ति" चाहेका लामबद्द हस्तीहरू हाम्रा अगाडि छन । उनीहरूले अहिले देशको मुहार कता लैजालान त्यो भने हेर्न बाकिनै छन ।

हामीले यो बेलामा फेशबुके क्रान्ति गर्ने होइन, रोइलो गर्ने होइन, सिङ्गान छराछर गर्ने होइन । एआइको प्रयोग गरेर सरकारको दोषारोपण गर्ने होइन । यो सरकारको १०० दिनको उल्लेखनीय काम हुने हो होइन, मौन मुल्याङ्कन गरौ, रोइकराइ नगरौ । सक्नुहुन्छ र सच्चिनुहुन्छ भने यही बेलामा बरू बृहत कम्युनिष्टहरूको कार्यगत एकताको धुर्वीकरण गर्नतर्फ लाग्नोहोस । कम्युनिष्ट पार्टीभित्रको विचलनलाई एकताको साङलोमा बाध्न अघि बढनोस ।

## नहरको अतिक्रमण हटाईने

सप्तरी/ सप्तरीमा कोशी नहर क्षेत्र भित्र पर्ने सार्वजनिक जग्गा अतिक्रमण गरेर बनाइएका संरचनाहरु हटाइने भएको छ । कोशी पम्प चन्द्र नहर सिंचाइ प्रणालीका जग्गा विभिन्न व्यक्तिहरूले अतिक्रमण गरेपछि हटाउने प्रक्रिया सुरू गरिएको हो । कोशी पम्प चन्द्र नहर सिंचाइ व्यवस्थापन कार्यालय राजविराजले चैत १६ गते सार्वजनिक सूचना जारी सात दिन भित्र जग्गा खाली गर्न निर्देशन दिएको छ । नहरमा विभिन्न किसिमको फोहोर फाल्ने र ढल मिसाउने जस्ता कार्यहरू पनि भइरहेको भन्दै कार्यालयले नहर कमाण्ड क्षेत्र भित्र यस्ता कुनै किसिमका गतिविधि नगर्न भनेको छ । बर्जित गतिविधि गरिएमा, हानी नोक्सानी, पुन्याएमा र सात दिनभित्र जग्गा खाली नगरेमा प्रचलित कानून वमोजिम कारवाही हुने चेतावनी कार्यालयले दिएको छ । नहरका जग्गा अतिक्रमण गरी घर टहराहरू बनाइएको छ ।

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ झापाली इटा
बजारमा
झापाली इटा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

ठूलो ट्याङ्कीमा
कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)
बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०



# अटिजमलाई अझै विभेद गर्ने कि स्वीकार्ने ?



जानकी आचार्य



**सन्दर्भ : विश्व अटिजम दिवस**

सर्वप्रथम अटिजमको प्रारम्भिक बुझाइको रूपमा सन् १९००-१९४० को दशकलाई लिन सकिन्छ । अटिजम शब्द ग्रीक शब्द 'autos' बाट आएको हो, जसको अर्थ 'आफैँ' भन्ने हुन्छ । यो शब्द पहिलोपटक सन् १९११ मा स्विस मनोचिकित्सक Eugen Bleuler ले प्रयोग गरेका थिए । पछि, सन् १९४३ मा अमेरिकी मनोचिकित्सक Leo Kanner ले early infantile autism बारे महत्वपूर्ण अध्ययन प्रकाशित गरेका थिए ।

अटिजमलाई भावनात्मक उपेक्षा र मानसिक रोगसँग जोडेर सन् १९५०-१९७० को दशकलाई गलत धारणा र कलंको रूपमा हेरिएको देखिन्छ । बिस्तारै अनुसन्धानकर्ताहरूले अटिजम अभिभावकको कारणले नभई स्नायू (neurological) र विकाससम्बन्धी अवस्था हो भन्ने पत्ता लगाए ।

वैज्ञानिक प्रगति र मान्यताको रूपमा (१९८०( १९९० को दशक) सन् १९८० मा (Diagnostic and Statistical Manual of Mental Disorders third edition -DSM-III) मा अटिजमलाई औपचारिक रूपमा विकाससम्बन्धी विकारका रूपमा समावेश गरिएपछि ठूलो परिवर्तन आयो । यस अवधिमा जनचेतना बढ्न थाल्यो प्रारम्भिक हस्तक्षेपका ( early intervention) कार्यक्रमहरु सुरू भए, अभिभावक र अधिकार समूहहरु सक्रिय भए , थप बालबालिकाको पहिचानमा सहयोग हुन थाल्यो ।

विश्वव्यापी जनचेतना आन्दोलनको रूपमा सन् २००० को दशक अटिजम सचेतनाका लागि महत्वपूर्ण मोड साबित भयो । सन् २००७ मा ग्लष्तभम ल्बतष्यलक ले अप्रिल २ लाई World Autism Awareness Day घोषणा गऱ्यो । यसले विश्वभर जनचेतना अभियानहरु, सरकारी सहभागिता, विद्यालय र समाजमा समावेशी अभ्यासलाई बढवा दियो । । सचेतनाबाट स्वीकारतर्फको दशकका रूपमा सन् २०१० को दशक लाई हेर्न थालियो यस अवधिमा "awareness बाट "acceptance र "inclusion तर्फ ध्यान केन्द्रित हुन थाल्यो । अटिजम भएका व्यक्तिहरु र अधिकारकर्मीहरूले नेतृत्व लिन थाले र Neurodiversity (मानव मस्तिष्कको प्राकृतिक विविधता) जोड दिए । अधिकार, सम्मान र स्वतन्त्रता, शिक्षा, रोजगारी र समाजमा समान सहभागिता (Nothing about us without us ) जस्ता अभियानहरु यस समयमा महत्वपूर्ण रूपमा उठान गरियो ।

२० औँ शताब्दीको अन्त्यतिर अनुसन्धानको विकास र विभिन्न सचेतना अभियान तथा वकालत समूहहरूको सक्रियतासँगै अटिजमप्रतिको बुझाइ समयसँगै 'सचेतना' मात्र होइन, 'स्वीकार्यता' र 'समावेशिता'तर्फ केन्द्रित बहस अगाडि बढेको छ, जसले अटिजम भएका व्यक्तिहरूको अधिकार, सम्मान र क्षमता पहिचान गर्न जोड दिन्छ । आजको दिनमा 'न्युरोडाइभर्सिटी'को अवधारणाले अटिजमलाई केवल समस्या होइन, मानव विविधताको एक स्वाभाविक अगं रूपमा बुझ्न प्रेरित गरिरहेको छ, साथै समयमै पहिचान, पहुँचयोग्य शिक्षा, परिवारको सहयोग र समान अवसर सुनिश्चित गर्न निरन्तर प्रयास भइरहेको छ ।

२०२६ को विश्व अटिजम सचेतना दिवस ( World Autism Awareness Day) 'अटिजम र मानवता 'प्रत्येक जीवनको मूल्य छ' भन्ने मूल नाराका साथ मनाउदै गर्दा नेपालमा भने यसको चर्चा धमिलो रूपमा उठ्ने गरेको छ, विशेष गरी शहरी क्षेत्रमा । नेपालको आफ्नै मूल्य र मान्यताका कारण अहिले पनि नेपाली समुदायमा अटिजमलाई गलत बुझाइ वा अन्धविश्वाससँग जोडिन्छ । प्रारम्भिक परीक्षण र प्रयाप्त मात्रामा विशेषज्ञको अभाव, र सीमित सेवा शहरकेन्द्रित भएका कारण धेरै बालबालिकाहरूमा यो समस्याको निदान ढिलो हुने गरेको छ । पर्याप्त मात्रामा जनचेतना, उपचार, थेरापी र विशेष शिक्षाका अवसरहरु नहुँदा यसले बालबालिकाको स्वास्थ्य तथा शिक्षामा निकै ठूलो चुनौती देखा पर्दै गइरहेको छ । यी सबै कारणले अटिजम भएका बालबालिका मात्र होइन, उनीहरूको परिवार पनि मानसिक रूपमा प्रभावित भइरहेको छ ।

नेपालमा अपाङ्गता भएको व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ को दफा ३ को उपदफा १ मा १० प्रकारका अपाङ्गताको सूचिमा अटिजमलाई पनि समावेश गरेको छ भने बालबालिकासम्बन्धी ऐन २०७५ को दफा १२ मा अपाङ्गता भएका बालबालिकाको विशेष अधिकारहरु तोकिएको छ । यसका बाबजुद पनि अटिजम भएका व्यक्तिहरूले उक्त अधिकार उपभोग गर्न सकेको देखिदैन ।

सन् २०२५ मा, संयुक्त राज्य अमेरिकामा करिब प्रत्येक ३१ मध्ये १ जनामा अटिजम भएको पाइएको छ । CDC (Centers for Disease Control and Prevention) अन्तर्गतको Autism and Developmental Disabilities Monitoring -ADDM_Network का अनुसार, सन् २०२२ मा १६ वटा अमेरिकी समुदायहरूबाट संकलित तथ्यांक (जसलाई २०२५ मा प्रकाशित गरिएको हो) अनुसार ८ वर्ष उमेरका ३.२% बालबालिकामा अटिजम पाइएको छ । यो तथ्यांक सन् २०२० मा गरिएको अनुमान - प्रत्येक ३६ मध्ये १ बालबालिका ) को तुलनामा वृद्धि भएको हो, जसले अटिजमको पहिचान दर निरन्तर बढिरहेको संकेत गर्दछ ।

तर नेपालमा हालसम्म पनि अटिजम भएका बालबालिकाको यकिन संख्या उपलब्ध छैन । राष्ट्रिय जनगणना २०७८ को तथ्यांकले कुल अपाङ्गता भएका व्यक्तिको (६,४७,७४४) ०.८ प्रतिशत अर्थात ४८८६ व्यक्तिमा अटिजम रहेको तथ्यांक प्रस्तुत गरेको छ । तर विज्ञहरूले यो संख्या ३ लाखभन्दा बढी हुनसक्ने अनुमान गरेका छन् (नेपाल अटिजम केयर सोसाइटी, २०२३ ) । नेपालमा यो स्थिति अझै गम्भिर छ, जहाँ जानकारीको कमी, सामाजिक भेदभाव, र सीमित स्रोतहरूले यसलाई झनै जटिल बनाएको छ ।

विभिन्न अनुसन्धानहरूले अटिजम भएका बालबालिकाहरूले सञ्चार, सामाजिक व्यवहार, आचरण, पोषण तथा शिक्षामा पहुँचसम्बन्धी विभिन्न कठिनाइहरु भोग्नुपरेको देखाएका छन् भने अभिभावक तथा हेरचाहकर्ताहरूले मानसिक, सामाजिक र आर्थिक दबाबको सामना गर्नुपरेको छ । आर्थिक कठिनाइ, हेरचाहको जिम्मेवारी तथा सामाजिक कलंकले समस्या अझ जटिल बनाएको छ, विशेषगरी सीमित स्रोतसाधन भएका सन्दर्भहरूमा । अभिभावकको ज्ञान, शिक्षकको तालिम, परिवार (विशेषगरी दाजुभाइ/दिदीबहिनी) को भूमिका तथा समुदायको स्वीकार्यताले बालबालिकाको विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने देखिन्छ । समग्रमा, नेपालमा अटिजम भएका व्यक्तिहरु र उनीहरूको परिवारको जीवनस्तर सुधार गर्न जनचेतना अभिवृद्धि, प्रारम्भिक हस्तक्षेप सेवा विस्तार, समावेशी नीति निर्माण, क्षमता विकास तथा बहुआयामिक सहयोग प्रणालीको तत्काल आवश्यकता रहेको स्पष्ट पार्छन् ।

नेपालमा केही संस्थाहरूले राम्रो पहल गरिरहेका छन्, तर यी प्रयासलाई अझ विस्तार गर्न आवश्यक छ, जसमा नेपाल सरकार, साझेदार संस्था, समुदाय तथा परिवारहरूको सहकार्य जरूरी रहेको छ । अटिजम भएका व्यक्तिहरूको जीवनस्तर सुधार गर्नका लागि सबैको साझा प्रयास आवश्यक छ । जसअनुसार नेपाल सरकारको तर्फबाट समावेशी शिक्षा, प्रारम्भिक पहिचान र नीतिगत सुधारमा जोड दिनुपर्ने देखिन्छ, गैरसरकारी संस्था (NGOs) को तर्फबाट सचेतना, तालिम र समुदायमा सहयोग कार्यक्रमहरु उपलब्ध गराउन आवश्यक रहेको छ । साथै समुदायको तर्फबाट विभेद हटाउँदै स्वीकार्य वातावरण निर्माण गर्न पहल गर्नुपर्ने हुन्छ ।

अन्तमा नेपालमा अटिजम भएका व्यक्तिहरूलाई सम्मान, अवसर र समान अधिकार दिनका लागि सरकार, संस्था, परिवार र हरेक नागरिकको भूमिका महत्वपूर्ण छ । विश्व अटिजम सचेतना दिवस केवल एक दिनको कार्यक्रम मात्र नभई यो दीर्घकालीन परिवर्तनको आह्वान हो, किनकि, समावेशी समाजमा हरेक जीवनको मूल्य हुन्छ र हरेक आवाजको अर्थ हुन्छ । नेपाल भ्युजबाट

# ११ वर्ष पछि बुद्धपार्क सञ्चालनमा



ईलाम/ निर्माण थालिएको ११ वर्ष पछि इलामको सूर्योदय नगरपालिका ३ बौद्धधाममा निर्माण गरिएको बुद्धको प्रतिमा सहित बुद्ध पार्कको सञ्चालनमा आएको छ ।


कोशी प्रदेश, संघीय सरकार र सूर्योदय नगरपालिकाको आठ करोड हाराहारी लगानीमा निर्माण गरिएको ६५ फिट अग्लो बुद्धको प्रतिमा सहितको पार्क निर्माण थालिएको ११ बर्ष पछि उद्घाटन गरिए संगै संचालनमा आएको हो । पार्कको उद्घाटन कोशी प्रदेशका मुख्यमन्त्री हिकमत कुमार कार्कीले गरे । स्थानीय दाता सहितले दान गरेको १७ रोपनी क्षेत्रफलमा निर्माण भएको पार्क उद्घाटन गर्दै मुख्यमन्त्री कार्कीले कोशी प्रदेशका धार्मीक पर्यटकीय गन्तब्यको सूचीमा बुद्धपार्कलाई सूचीकरण गरिने बताए । उनले कोशी भ्रमण वर्षकै समयमा उद्घाटन गरिएको उक्त पार्क, नेपाल, भारत र तेस्रो देशका पर्यटकका लागि आर्कषक गन्तब्य बन्ने उल्लेख गरे । सूर्योदय नगरपालिकाले सूचीकरणका लागि लेखेर पठाएपछि प्रदेश सरकारले धार्मीक गन्तब्यका रूपमा यो पार्कलाई सूचीकरण गर्ने उनले जनाए । यस अघि कोशी प्रदेश सरकारले सूर्योदय नगरपालिकालाई पर्यटकीय नगरी घोषणा गरेको थियो ।

पार्कको उद्घाटन गर्नु अघि बुर्ध धर्म गुरु खेन्छेन नाम्डोल छेरिङ रिम्पोछे सहितका धर्म गुरूबाट प्राण प्रतिष्ठान गरिएको थियो । धर्म गुरु खेन्छेनले भगवान बुद्ध शान्तिका प्रतिक भएकाले विश्वमा शान्तिको शन्देश फैलाउन उक्त प्रतिमा र पार्कले महत्वपूर्ण भूमीका खेल्ने बताए । सूर्योदय नगरपालिकाका कार्यबहाक नगर प्रमुख दुर्गा कुमार बरालले उक्त पार्क संचालनमा आएपछि सूर्योदय नगरपालिका भित्र अर्को पर्यटकीय गन्तब्य थपिएको बताउदै स्थानीय पर्यटन प्रवर्धन संगै आर्थिक आयआर्जन समेत बढने बताएका छन् ।

नेपाल, भारत लगायत तेस्रो देशका पर्यटकका लागि प्रमुख गन्तब्य भएको गौतम बुद्ध स्मृति प्रतिष्ठानका अध्यक्ष लाकेल लामाले जानकारी दिए । नेपाल भारत सीमा क्षेत्र पशुपतिनगरबाट २ किलोमिटरको दूरीमा रहेको बौद्धधाममा अहिले भारतीय पर्यटकको आकर्षणको केन्द्र बनेको छ । छिमेकी देश भारत, भुटान, चिन र स्वदेशी पर्यटकका लागि उक्त पार्क गन्तब्य बन्ने अपेक्षा रहेको गौतम बुद्ध स्मृति प्रतिष्ठानले जनाएको छ । उक्त पार्कमा बर्षैधरी धर्मगुरूबाट पाठपुजा गरिने जनाइएको छ । पार्कमा धर्म गुरूका लागि आवास सहित संरचना निर्माण गर्न भने वाँकी रहेको छ । कार्यक्रमको अवसरमा जग्गा दाता तथा आर्थिक सहयोग गर्ने दातालाई सम्मान गरिएको छ ।

धर्मसंस्कृति

# हनुमानको महिमा र हनुमान जयन्ती



प्रत्येक वर्ष चैत शुक्ल पूर्णिमाका दिन मनाइने रामभक्त हनुमान जन्मजयन्ती बिहिबार विभिन्न कार्यक्रम गरी देशभर मनाईएको छ ।

चैत शुक्ल पूर्णिमाका दिन हनुमानको पूजाआराधना गरेमा बल, बुद्धि, विद्या मिल्ने, दुःख र संकटबाट मुक्ति पाइने विश्वास छ । यस अवसरमा हनुमानढोकास्थित हनुमानको मूर्ति, पशुपतिस्थित हनुमान मन्दिर, गोकर्णेश्वर नगरपालिकामा रहेको पञ्चमुखी हनुमानलगायत देशभरका हनुमान मन्दिरमा विशेष पूजाआराधना गरिन्छ । हनुमानढोका दरबारको नासलचोकनजिकै रहेको पञ्चमुखी हनुमान मन्दिरमा भने पुजारीले मात्र पूजाआराधना गर्ने चलन छ ।

संस्कृत व्याकरणअनुसार 'हनु' धातुमा 'मतुप' प्रत्यय लागेर हनुमान शब्द बनेको छ । हनुको अर्थ चिउँडो हो । यो हन् धातुबाट बनेको छ । 'हन्' धातुको अर्थ हिंसा अथवा गति भन्ने हुन्छ । अतः हनुमान शब्दको अर्थ वेगवान् गतियुक्त शक्ति भन्ने हुन्छ । हनुको अर्को अर्थ आज्ञापालक पनि भनिएको छ । त्यसैले पनि हनुमान भगवान् रामभक्त थिए भनिन्छ । भगवान् रामको जीवनमा भएका घटनाले हनुमानको व्यक्तित्वलाई सर्व प्रतिष्ठित 'देव' बनाइदिएको शास्त्रमा उल्लेख छ ।

भय मनुष्यको मूलभूत प्रवृत्ति हो । दुष्ट आत्माको प्रकोपबाट बचाउने वाला शक्तिको नाम हनुमान हो । पहिले बाँदरको नाम स्मरण वा दर्शन अशुभ मानिन्थ्यो । हात्तीलाई शुभ मानिन्थ्यो । हनुमानलाई 'मङ्गलमूरत'का रूपमा अथवा संकट मोचकको रूपमा पूजन गर्न थालियो । त्यसकारण बच्चादेखि बूढासम्म सबैले भयबाट मुक्तिका लागि 'हनुमान चालिसा'को पाठ गर्ने परम्परा सुरू भएको जानकारहरु बताउँछन् । हनुमानलाई वायुका छोरा मानिन्छ । हनुमानले जुनसुकै रूप धारण गर्न सक्ने विश्वास गरिन्छ । शत्रुद्र संहितामा एकादश रूद्रमध्ये एघारौँ रूप हनुमानको मानिएको छ । रूद्रहरु हनुमान सम्प्रदायको विकास हुनुपूर्व नै अस्तित्वमा आइसकेको बताइन्छ । यसरी रामायणभन्दा पूर्व हनुमानको अस्तित्व रहेको शास्त्रीय मत छ । रामायण नै हनुमानका बारेमा जानकारी दिने सबभन्दा आधिकारिक स्रोत हो । वैदिक शास्त्रीय ग्रन्थमा पनि विष्णु अवतारका रुपमा जन्म लिनुभएका रामचन्द्रलाई सहयोग गर्न शिव अवतारका रूपमा हनुमानले पनि जन्म लिनुभएको वर्णन गरिएको छ ।

स्कन्द पुराणको अवन्तिखण्डमा हनुमानभन्दा जगत्मा ठूलो प्राणी कोही छैन भन्ने व्याख्या गरिएको छ । परब्रह्म, उत्साह, मति, प्रताप, सुशीलता, माधुर्य, नीति, गाम्भीर्य, चातुर्य, सुवीर्य, धैर्य आदि क्षेत्रमा हनुमानभन्दा अर्को ठूलो कोही पनि छैन भनी वर्णन गरिएको छ ।

यस दिन स्त्री पुरूष बाल वृद्ध सबैले पवित्र नदीमा स्नान गरी व्रत एवम् पूजाआराधना गर्दछन् । हनुमानलाई बजरङ्ग बलि पनि भनिन्छ, किनकि हनुमानको शरीर एक वज्रको समान थियो । हनुमान पवनपुत्रका रुपमा चिनिन्छन् । पाँचमुखी, अत्यन्त तेजस्वी पराक्रमी, पञ्चतत्व र पञ्चरूद्र स्वरूपी, अति भयानक रौद्ररूपी हनुमानको ध्यान गर्नाले सबै काम पूर्ण हुन्छन् भनी शास्त्रीय ग्रन्थमा उल्लेख गरिएको पण्डित बालमुकुन्द देवकोटा बताउँछन् । हनुमानको पूजाआराधना गरेमा रोगव्याधि, बाधा, राजाको भय, प्राकृतिक शक्तिको बाधा, पिचासी शक्ति, भूत, नकारात्मक तत्व, बतास, खोला, आगो, राक्षसी शक्तिको प्रकोप र बेतालबाट पनि मुक्ति पाइन्छ भन्ने मान्यता छ ।

हनुमानले भक्तियोग र कर्मयोगद्वारा रामको निकटता प्राप्त गरेका थिए । वैष्णव सम्प्रदायमा हनुमानलाई विभिन्न यौगिक शक्ति प्राप्तिका लागि पनि पूजा गर्ने चलन छ । आठ प्रकारका यौगिक शक्ति अणिमा, महिमा, गरिमा, लघिमा, प्राप्ति, प्रकाम्य, इशित्व र वशित्व हनुमानमा थिए । हनुमानलाई परब्रह्म र रौद्ररूपमा पनि स्मरण गरिन्छ । हनुमानको मूर्तिमा सिन्दूर लगाइएको हुन्छ । सिन्दूरले हयी एवम् मांसलाई सुसङ्गठित शरीर निर्माणमा भूमिका खेल्दछ । यस अवसरमा आज देशभरका हनुमान मूर्ति एवम् मन्दिरमा पूजाआराधना गर्नाका साथै शोभायात्रा निकाल्ने गरिएको छ । मङ्गलबार र शनिबार हनुमानको विशेष आराधना गर्ने गरिन्छ ।

प्रेरक प्रसँग

# स्थानीयको अगुवाईमा ह्युमपाईप

धनकुटा/ स्थानीयबासीको अगुवाईमा धनकुटा नगरपालिका - १ र ३ जोड्ने निबुवा खोलामा ह्युम पाइप लगाइएको छ ।स्थानीय समाजसेवी द्रोर्ण प्रसाद गुरागाईंको सहयोगमा आवश्यक सामाग्री खरिद र ढुवानी गरिएपछि खोलामा ह्यम पाइप लगाईएको हो ।

यो खोलामा वाल निर्माण गरी होम पाइप राखिएपछि साना र ठूला दुवै यातायातका साधन वारपार गर्न सहज हुने स्थानीय बताउँछन् । करिब ३९ फिट लम्बाइ, बिच भाग ८ फिट र छेउछेउ १३ फिट ढलान गरेर पाइप स्थापना गरिएको छ । ह्युम पाइप निर्माणका लागि आवश्यक रड, सिमेन्ट, दुईवटा पाइप र अन्य सामग्री खरिद तथा ढुवानी समाजसेवी गुरागाईंले गरिदिएका हुन् । खोलामा पाइप राख्न एक सयभन्दा बढी स्थानीयले श्रमदानमार्फत वाल निर्माणमा सहयोग पुऱ्याएका छन् ।

धनकुटा बिहिबारे हाट–मालबासे–मधुगंगा सडकखण्डमा पर्ने यो खोलामा वर्षौंदेखि होम पाइप वा पुल नहुँदा स्थानीय लामो समयदेखि सास्ती भोग्दै आएका थिए । पहिले बासबाट बनाइएको अस्थायी पुलमार्फत वारपार गर्नुपर्थ्यो। अब पाइप लगाउँदा यात्रु र सवारी साधन सञ्चालनमा सहजता बढेको छ ।

समाजसेवी गुरागाईंले आफ्नो खर्च सार्वजनिक नगरी सेवा भावबाट काम गरेको बताए । तत्कालिन भिरगाउँ गाविस - धनकुटा नगरपालिका (२) अन्तर्गत रहेको यो क्षेत्रका लागि नगरपालिकाले करिब २० लाख रूपियाँको लागत अनुमान गरेर स्टिमिट निकालेको थियो । तर आवश्यक सामग्री समाजसेवीले उपलब्ध गराएपछि बाँकी काम स्थानीयले श्रमदानमार्फत सम्पन्न गरेका छन् ।

जानकारी

# नेपालमा मात्र पाईने काँडेभ्याकुर बारे जानकारी



टिटर-टिटर-टिटर-टिटर, पिप-पिप-पिप-पिप । यो काँडे भ्याकुरको सुमधुर स्वर हो । यो चरा हेर्दा जति सुन्दर छ, त्योभन्दा पनि यसको स्वर कोकिल र कर्णप्रिय हुन्छ । साना रूखका हाँगामा बसेर यसले आवाज निकाल्दा जोकोही पनि मन्त्रमुग्ध नभइरहन सक्दैनन् । काँडे भ्याकुर (स्पाइनी ब्याबल) नेपालमा मात्र पाइने दुर्लभ चरा हो । नेपालमा करिब ९०० भन्दा बढी प्रजातिका चरा पाइने भए तापनि काँडे भ्याकुर देशको एक मात्र रैथाने चरा हो ।

विश्वमा अन्त कतै नपाइने काँडे भ्याकुर कुनै समय ललितपुरको गोदावरी र मकवानपुरमा मात्र पाइन्छ भन्ने सुनिन्थ्यो तर यो चरा काठमाडौं, ललितपुर, धादिङ, ककनी, गोर्खा, पोखरा, मकवानपुर, चितवनलगायत ठाउँका कतै कतै पाईएको छ । काँडे भ्याकुर पश्चिम नेपालको डोटी र राराताल वरपर पनि न्यून सत्त्यामा पाइने गरेको अभिलेख छ । लोपोन्मुख काँडे भ्याकुर समुन्द्री सतहबाट ५०० मिटरदेखि २१५० मिटरको उचाइसम्म पाइन्छ । सामान्यतः बाक्लो जंगल र काँडा भएको झाडीमा यसको वासस्थान हुने गर्छ ।

विशेषगरी काँडे उन्यु वा खरूघाँसमा गुँड लगाउने गर्छ । उन्यु वा खरूघाँस भएको काँडे र खस्रा वनमा बस्न मन पराउने भ्याकुर भएकाले पनि यसलाई काँडे भ्याकुर भनिएको हो । करिब २६ सेन्टिमिटर लामो काँडे भ्याकुरको शारीरिक रङ खैरो कैलो र अनुहारदेखि पेटसम्म सेता धर्काहरु फैलिएका हुन्छन् । यसले एकपटकमा निला रङका ३ देखि ४ वटासम्म अण्डा पार्छ भने १८ देखि २१ दिनसम्म कोरलो बसी बच्चा काड्ने गर्छ ।

काँडे भ्याकुर प्रायः समूहमा बस्न रूचाउँछ । लजालु स्वभावको यो चरालाई सजिलै फेला पार्न सकिँदैन । काँडे भ्याकुरले नेपालमा राष्ट्रिय चरा जत्तिकै महत्व राखेको छ । कतिपय स्थानीय निकायले नीति तथा कार्यक्रममै यसको संरक्षणका कार्यक्रमहरु समेटेका छन् तर कार्यान्वयन पक्ष भने फितलो रहेको छ । कुनै समय काठमाडौं उपत्यकामा प्रशस्त मात्रामा पाइने काँडे भ्याकुर बढ्दो सहरीकरणले गर्दा देख्नै हम्मेहम्मे पर्न थालेको छ ।

पुस्तक साभार

## नेपालको इतिहास र समाज अध्ययन



डा. सूर्यमनि अधिकारी

# एकीकरण पहिले नेपालको राजनीतिक अवस्था

क्रमागतः

एक वर्ष पुगेपछि मकवानपुरबाट दुलही लिन आउनु भन्ने खबर आयो । आˆना विश्वस्त सहयोगीका साथ पृथ्वीनारायण शाह मकवानपुर पुगे । विवाह हुँदा दुलहीले लगाएको नौलाखे हार र दुलहाले चढेको एकदन्ते हात्ती पाउनुपर्ने माग गोर्खाली पठाको रह्यो तर जेठान दिग्बन्धन सेनले दिन इन्कार गरे। यसरी यसपटक पनि झगडा भयो र पृथ्वीनारायण शाह दुलही नलिई फर्किए। फर्कदा उनीहरु टिस्टुङ, पालुङको बाटो भएर फर्किए । बाटामा चन्द्रागिरीको शिखरबाट काठमाडौँ उपत्यकाको अवलोकन गर्दा पृथ्वीनारायण शाह ज्यादै प्रभावित भए । उनले त्यसै बखत तीन शहर नेपालको राजा हुने संकल्प गरेको कुरा दिव्य उपदेशमा उल्लेख छ । मकवानपुरसँगको वैवाहिक सम्बन्ध असफल भएपछि उनको दोस्रो विवाह बनारसका राजपूत अहिमानसिंहकी छोरी नरेन्लक्ष्मीसँग सम्पन्न गरियो ।

**लमजुङसँग सन्धि**

लमजुङ र गोर्खाबीच पुख्यौंली वैरभाव थियो। गोर्खा पूर्वतिर बढ्दा लमजुङले पछाडिबाट आक्रमण गरी गोर्खालाई संकटमा पारिदिन सक्थ्यो । तसर्थ पृथ्वीनारायण शाहका मामा पाल्पाका राजकुमार उद्योतसेनले उनलाई अर्ती दिंदै भनेका थिए, "लमजुङ भन्याको गरूड हो. गोर्खा भन्याको सर्प हो. नेपाल भन्याको भ्यागुतो हो. अघि गरूडको आँखा छलनु. तब सर्पले भ्यागुतो खान पाउँछ ।" यो सल्लाह उचित मानी गोर्खाबाट कालु पाण्डेलाई लमजुङसँग सन्धि गर्न पठाइयो । जनवरी २१, १७४० (वि.सं. १७९६) मा गोर्खा र लमजुङबीच निम्नानुसार सन्धि गरियो-

(१) गोर्खा र लमजुङबीच मित्रता कयाम गर्ने ।
(२) कास्कीको अर्धीमाथि लमजुङले आक्रमण गर्दा गोर्खाले लमजुङलाई मदत गर्ने ।
(३) गोर्खा पूर्वतर्फ बढ्दा लमजुङले बाधा नदिने ।
(४) अर्धीमाथि लमजुङको अधिकार भएमा पनि त्यस क्षेत्रका काठ कास्कीलाई नै दिने ।

यसप्रकार यो सन्धिले लमजुङको वैरभावलाई केही कालका लागि भए पनि मत्थर पारेको थियो ।

**भक्तपुरसँग मितेरी सम्बन्ध**

नेपाल उपत्यकाका तीनवटा मल्ल राज्यहरूको राजनीतिक परिस्थिति बुझ्न वि.सं. १७९८ मा पृथ्वीनारायण शाहलाई पठाइयो । उनी केही दिन ललितपुरका राजा विष्णु मल्लको पाहुना भई बसे । त्यसपछि भक्तपुर गएर निकै समय रहे । भक्तपुरमा उनले त्यहाँका युवराज वीरनरसिंह मल्लसँग मीत लगाए । त्यहाँका राजा रणजित मल्लको पगरीसँग आˆना पिताको पगरी साटी मैत्री सम्बन्ध कायम गरे । भक्तपुरमा बस्दा उनले शोभावती नाम गरेकी केटीलाई आˆनी भित्रेनी बनाएका थिए । कान्तिपुरका राजा जयप्रकाश मल्लसँग पनि मित लगाई केही दिन उनका पाहुना भएर

**एकीकरण अभियानको तयारी**

नुवाकोटको पराजयपछि पृथ्वीनारायण शाहले एकीकरण अभियरूरूरूरू रूरूरू निम्नानुसार तयारी गर्नेत आफ्नो ध्यान केन्द्रित गरे ।

(१) बनारस यात्रा पृथ्वीनारायण शाहको दोश्रो विवाह बनारसमा भएको

थियो । परम्परादेखि नै बनारस हिन्दूहरूको पवित्र तीर्थस्थत रहिआएको थियो । पहाडका हिन्दूहरू भारतका गया प्रयाग बनारस आदि तीर्थस्थतमा गएर आˆना मृतक पूर्वजहरूको श्राद्ध गर्ने, तर्पण दिने आदि गर्दथे। पृथ्वीनारायण शाहका पिताको पनि एक वर्ष पहिले देहावसान भएको थियो। तांको राजकाजको अभिभारा रण शाह र कालु पाण्डेको जिम्मा लगाई केही अगरक पुरोहित र सहयोगी साथ लिई पृथ्वीनारायण शाह बनारस तीर्थयात्राका लागि रवाना भए । यस यात्राको बाहिरी उद्देश्य तीर्थयात्रा भए पनि भित्री उद्देश्यचाहिँ आफ्ना ससुराका सहयोगले हातहतियार जम्मा गर्ने र भारत तथा बाइचौबीसे राज्यहरूको हालचाल बुझ्नु थियो । त्रमशः...

# पशुचौपायामा अज्ञात रोग

ताप्लेजुङ/ अज्ञात रोगका कारण चौंरी मर्न थालेपछि ताप्लेजुङका किसान चिन्तित बनेका छन् । खर्क (चरन क्षेत्र) तथा गोठमा रहेका चौंरी अज्ञात रोगले मर्न थालेपछि चौंरीपालक किसान चिन्तित बनेका हुन् ।

जिल्लाको पूर्वी सिदिङ्वा गाउँपालिकास्थित तिम्बुङ पोखरी क्षेत्रमा अज्ञात रोगले चौंरी मर्न थालेका छन् । सिदिङ्वा गाउँपालिका–१, काली खोलाका स्थानीय किसान कुमार बानियाँ र डिकबहादुर बानियाँले पालेको मरेको छ । स्थानीय भीम भण्डारीका अनुसार हालसम्म उहाँहरूको दुई वटा चौरी अज्ञात रोगका कारण मरेका छन् । गोठ तथा खर्कमा रहेका चौंरीले सुरूमा घाँस नखाने, जिङ्गाउने, काम्ने, नाक र मुखबाट पानी बग्नेजस्ता लक्षण देखिएको छ । उक्त लक्षणहरु देखिएको दुई, तीन दिनपछि नाक र मुखबाट रगत बग्ने र सिकिस्त भई चौंरी मर्ने गरेको भण्डारीले जानकारी दिए । यस्तो लक्षण रहेको अज्ञात रोगका कारण चौंरी मर्न थालेपछि चौंरीपालक किसान चिन्तित बनेका छन् । हालसम्म किसानले गर्दै आएको घरेलु औषधी उपचारले कुनै काम नगरेको र रोगको पहिचान पनि हुन नसकेको उनीहरूको भनाइ छ । अज्ञात रोग सङ्क्रमणका रूपमा फैलिएर चौंरीहरु सखाप होलान् कि भन्ने चिन्ना यतिबेला किसानमा छाएको छ ।

एउटा चौंरीको मूल्य ८० हजारदेखि एक लाख रूपियाँसम्म पर्ने भएकाले चौंरी मर्दा ठुलो नोक्सानी हुने किसानको भनाइ छ । हिमाली भेगमा पालिने चौंरी तथा याक कुनै बेला जङ्गली जनावरले खाएर क्षति गर्ने गरेको छ । कुनै बेला अज्ञात रोग फैलिएर मर्ने हुँदा किसानले धेरै नोक्सानी बेहोर्नुपर्ने अवस्था रहेको छ ।


रबर स्ट्याम्प बनाउने ठाउँ
बिजि स्टेशनरी एण्ड छापाखाना
दमक-६, मोबाइल लाईन ।
९८०१४१४५२६/९८४३०३४५२६



मनकामना डेन्टल केयर
विशेष अफरका साथ
यहाँ आधुनिक प्रविधिबाट दाँत र मुख सम्बन्धी सम्पूर्ण उपचार विशेष छुटका साथ गरिन्छ ।

Dr. Nabin Kant Chaudhary
Consultant Oral & Dental Surgeon
BDS Bangladesh (RU) NMC No.: 19332
दमक–६, थानारोड (झापा)
Call : 9819041615/9810315415


## दैनिक राशिफल



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगान : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि: ९८६७३१०८८२/९८१७००५१६५

आज मिति २०८२ साल चैत्र २० गते शुक्रबार
03 Apr. 2026
तिथि: षष्ठी

| राशि | अक्षर | फल |
| --- | --- | --- |
| मेष | चु चे लो ला लि लँ ले लो अ | व्यवसायबाट लाभ । मनमा उत्साह । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | मान्यजनमा कष्ट । अध्ययनमा बाधा । |
| मिथुन | का कि कु घ ङ छ के को हा | धन, वस्त्र लाभ । शत्रु परास्त । |
| कर्कट | चु चे लो ला लि लँ ले लो अ | मान्यजनबाट सहयोग । कार्यमा सफलता । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | परोपकारको काम गर्ने दिन । आफन्तबाट सहयोग । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | कार्यमा बाधा । शारीरिक कष्ट । |
| तुला | हि हु हे हो डा डि डु डे डो | कारोवारमा सफलता । मित्रबाट सहयोग । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | मानसम्मान मिल्ने । रोजगारीको अवसर । |
| धनु | य यो भा भी भ धा फा ढ भे | मन प्रशन्न । व्यवसायबाट लाभ । |
| मकर | भो जा जी खि खु खे खो गा गी | कतैबाट अपजस । अनावश्यक भ्रमण । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | कारोवारबाट लाभ । आफन्तसँग भेटघाट । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | आयस्रोत बढ्ने । धर्ममा रुचि । |



दमकमा निकालियो हनुमान जयन्तीमा प्रभातफेरी : **चैते शुक्ल पूर्णिमाका दिन मनाईने हनुमान जयन्तीका अवसरमा विहिबार दमकमा निकालिएको प्रभातफेरीमा सहभागीहरू ।**

# कुवेतबाट ३ सय बढी नेपाली कुवेतबाट डिपोट

दमक/ कुवेतबाट नेपाली श्रमिक पठाउन थालिएको छ । यसैक्रममा कुवेत एयरवेजको बोईङ ७७७-३०० विमानबाट बुधबार साँझ ३ सय १८ जना नेपाली गौतम बुद्ध अन्तराष्ट्रिय विमानस्थलमा अवतरण गरेका हुन् ।

त्यसमध्ये २ सय ९१ जना कुवेत सरकारले डिपोर्ट गरेका नेपाली छन् । कुवेत सरकारको कानुन उल्लङ्घन गरेको आरोपमा ती नेपालीहरूलाई डिपोर्ट गरिएको हो । कुवेतमा मदिरा सेवन गरि हो हल्ला गरेको, अफवा फैलाउने काम गरेको, कानुनले वर्जित गरेका गतिविधिका आधारमा डिपोर्ट गरिएको कुवेत स्थित नेपाली राजदुतावासले जानकारी दिएको छ । उनीहरूलाई कुवेत सरकारकै खर्चमा ल्याइएको हो । नियमित उडान नभएका कारण विमान चार्टड गरि ल्याइएको परराष्ट्र मन्त्रालयले जनाएको छ । बाँकी अलपत्र परेका नेपाली श्रमिक हुन् ।

विमानमा ९ जनाको शव पनि रहेको थियो । यी शव युद्धको घटनाबाट मृत्यु भएको नभइ विरामी र अन्य विविध कारण मृत्यु भएका नेपाली श्रमिकको रहेको परराष्ट तथा श्रम मन्त्रालयले जनाएको छ । विमानस्थलका महाप्रबन्धक श्याम किशोर शाहका अनुसार ३४५ सिट क्षमताको उक्त विमानमा ३ सय १८ यात्रुसहित केही कार्गो ल्याइएको छ । साहका अनुसार पश्चिम एशियाको तनावपूर्ण अवस्थाका कारण नियमित उडान प्रभावित भएपछि अलपत्र परेका नेपालीलाई प्राथमिकतामा राख्दै उद्धार उडानको व्यवस्था गरिएको हो । कुवेतस्थित नेपाली दूतावाससँगको समन्वयमा स्वदेश फर्किन चाहने नागरिकलाई ल्याइएको उनले बताए ।

**सत्तापक्ष...**प्रविधिको विकासमा जोड दिए। उनले युवालाई स्वदेशमै रोजगारी सिर्जना गर्न नीति निर्माण आवश्यक रहेको बताए ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता ज्ञानेन्द्र शाहीले प्रदेश संरचना खारेज गर्नुपर्ने प्रस्ताव राख्दै आवश्यक परे दुईतिहाइ बहुमत जुटाउन आफ्नो दल तयार रहेको बताए ।

त्यस्तै, श्रम, संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङले एमसीसी सम्झौता खारेज गर्न माग गर्दै राष्ट्रिय हित र असंलग्न परराष्ट्र नीतिको संरक्षणमा जोड दिए ।

समग्रमा, प्रतिनिधिसभाको पहिलो बैठकमै सत्ता पक्ष, प्रतिपक्ष र स्वतन्त्र सांसदहरूबीच तीव्र बहस देखिएको छ । समर्थन, आलोचना र सुझावहरूको मिश्रणले आगामी दिनमा संसद्को भूमिका अझ सक्रिय र विवादपूर्ण रहने संकेत दिएको छ ।

**राष्ट्रियसभा....**तुलप्रसाद विश्वकर्माले कार्की आयोगको छानबिन एकपक्षीय भएको भन्दै निष्पक्ष अनुसन्धानको माग गरे।

बैठकमा नारायणप्रसाद दाहालले मन्त्रिपरिषद् गठनसम्बन्धी पत्र वाचन गर्दै उपाध्यक्ष निर्वाचन चैत २३ र समितिका सभापति निर्वाचन चैत २४ गते हुने जानकारी दिए। अर्को बैठक चैत २२ गते बस्नेछ ।

**डीपी....**अर्याललाई पार्टीले संसद चलाउने ऐतिहासिक जिम्मेवारी दिने भएको हो । बिहीबार बसेको संसदीय दलको बैठकले अर्याललाई सभामुख बनाउने निर्णय गरेको हो । बालेन्द्र शाह

नेतृत्वको सरकारमा गृहमन्त्रीको दाबेदार मानिएका अर्याललाई सभामुखमा पठाउन बालेन्द्रले रविलाई सल्लाह दिएको नेताहरू बताउँछन् ।

पार्टी सभापति र प्रधानमन्त्रीको सल्लाहमै अर्याल सभामुख बन्न लागेका हुन् । उनी पार्टी सभापति रवि लामिछाने कारागार चलान हुँदा पार्टीको नेतृत्वमा रहेर काम गरेका व्यक्ति हुन् ।

पार्टीमा समन्वयकारी भूमिकामा देखिएका उनलाई सभामुखमा पठाउने निर्णय भएसँगै उनी सभामुख हुने पक्कापक्की भएको छ ।

हाल कायम संसदमा राष्ट्रिय स्वतन्त्र पार्टीसँग १८२ अर्थात् दुई तिहाई बहुमतभन्दा दुई सिट कम छ । सभामुख सत्तापक्षको भए पनि संविधानअनुसार उपसभामुख प्रतिपक्ष र फरक लिङ्गको हुनुपर्नेछ । त्यसकारण उपसभामुख कुन दलले पाउँछ भन्ने अहिलेसम्म टुङ्गो लागेको छैन ।

**तीन....**सम्बन्धी (पहिलो संशोधन) अध्यादेश, २०८२', 'प्रतिनिधिसभा सदस्य निर्वाचन (पहिलो संशोधन) अध्यादेश, २०८२' र 'नेपाल विशेष सेवा (तेस्रो संशोधन) अध्यादेश, २०८२' पेस गरेका हुन् ।

**निर्माण....**र खाल्डाखुल्डी पुर्ने, सडक मर्मत

तथा स्तरोन्नतिका काम भइरहेको डिभिजन कार्यालयका प्रमुख सुवोधकुमार देवकोटाले बताए । यस्तै डिभिजन अन्तर्गतका सडक विस्तारको काम पनि तीव्रता दिइरहेको तर पछिल्लो समय पेट्रोलियम पदार्थ आपूर्ति प्रभावित भएका कारण सडक मर्मत, स्तरोन्नति तथा कालोपत्रका काममा सुस्तता आएको उनको भनाइ छ । निर्माण सामग्रीको आपूर्तिमा अवरोध सिर्जना भएपछि निर्माणाधीन नागढुंगा(मुग्लिन सडक विस्तार आयोजना पनि प्रभावित भएको छ । विशेषगरी कालोपत्रेका लागि आवश्यक पर्ने बिटुमिन (अलकत्रा)को आपूर्ति सहज नहुँदा आयोजनाको काम रोकिने अवस्थामा पुगेको छ । नागढुंगा-मुग्लिन सडक योजना (पूर्वी खण्ड)का प्रमुख केशवप्रसाद ओझाका अनुसार वैदेशिक बजारबाट बिटुमिनको आपूर्ति अवरूद्ध हुँदा कालोपत्रेको काम प्रत्यक्ष प्रभावित भएको हो । आयोजनाका दुई खण्डमा दैनिक दुई ट्यांकर बिटुमिन आवश्यक पर्ने भए पनि हाल हप्तामा एक-दुई ट्याङ्करमात्र उपलब्ध भइरहेको छ ।

**हुलाकी राजमार्गमा प्रगती**

हुलाकी राजमार्ग आयोजनाको भौतिक प्रगति ७४ प्रतिशत पुगेको छ । आयोजना निर्देशनालयका प्रमुख कुवेर नेपालीले राजमार्ग निर्माणको कामले गति लिएको र आयोजनामा देखिएका मुख्य समस्यालाई फुकाउने काम भइरहेको बताए । केही ठाउँमा काम अड्किएकाले अहिले ती क्षेत्रमा प्राविधिक टोलीले विशेष ध्यान दिएर काम गरिरहेको उनको भनाइ छ ।

राजमार्गको काम हालसम्म सन्तोषजनक रूपमा अघि बढे पनि पछिल्लो समय पश्चिम एसियामा जारी द्वन्द्वको प्रभाव आयोजनामा पर्न सक्ने देखिएको छ । प्रमुख नेपालीले अन्तर्राष्ट्रिय बजारमा इन्धनको मूल्य बढेकाले निर्माण सामग्रीको आपूर्तिमा समस्या आउन सक्ने बताए । डिजेल र बिटुमिन धेरै समयका लागि भण्डारण (स्टक) गर्न नसकिने र प्रतिलिटर मूल्य पनि धेरै बढेकाले काममा चुनौती थपिएको नेपालीले बताए । हाललाई भने पहिले नै मौज्दात रहेको सामग्रीहरूबाट निर्माण कार्यलाई निरन्तरता दिइएको उनको भनाइ छ । नयाँ सामान आयात नभएको र बजारमा मूल्यसमेत बढेकाले आगामी दिनमा निर्माणको गति प्रभावित हुन सक्ने उनले जानकारी दिए ।

**१७.....**लिएको सुनसरीका प्रहरी उपरीक्षक केशव थेबेले जानकारी दिए ।

मालपोत कार्यालय परिसरबाट सेवाग्राहीको काम छिटोछरितो गरिदिने बहानामा बिचौलियाको काम गरिरहेका १३ जनालाई नियन्त्रणमा लिइएको र यातायात कार्यालयबाट चार जना गरेर १७ जनालाई नियन्त्रणमा लिएको उनले जानकारी दिए ।

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

## अन्तर्राष्ट्रिय

# ५० वर्ष पछि मानवयुक्त यान

एजेन्सी/ नासाले आर्टिमिस सेकेन्ड मिसनको सफलता पूर्वक प्रक्षेपण गरेको छ। जुन ५० वर्षभन्दा बढी समयपछि चन्द्रमाको वरिपरि गरिने पहिलो मानवयुक्त यात्रा हो। अहिले अन्तरिक्षयान पृथ्वीको कक्षामा परिक्रमा गरिरहेको छ । अन्तरिक्षयान अब अर्को २४ घण्टा पृथ्वीको कक्षामै रहनेछ, जहाँ चालक दलले विभिन्न प्राविधिक जाँचहरु गर्नेछन्। सबै कुरा ठीक भएमा त्यसपछि यसलाई चन्द्रमातर्फ प्रस्थान गर्न हरियो संकेत (ग्रिनलाइट) दिइने छ । प्रक्षेपणपछि आयोजित पत्रकार सम्मेलनमा नासाका एक अधिकारीले चालक दल सुरक्षित अवस्थामा र निकै उत्साहित मनस्थितिमा रहेको जानकारी दिए । प्रक्षेपण अत्यन्तै भव्य र रोमाञ्चक थियो । रकेट उड्दा त्यसको शक्तिशाली कम्पन भएको थियो । यो १० दिनको मिसनमा रहेका अन्तरिक्ष यात्रीहरु चन्द्रमामा अवतरण भने गर्ने छैनन् । तर उनीहरु चन्द्रमाको वरिपरि परिक्रमा गर्दै मानव इतिहासमै सबैभन्दा टाढा पृथ्वीबाट यात्रा गर्ने योजना बनाएका छन् ।

# इरानसँगको युद्ध अन्यको संकेत

एजेन्सी । अमेरिकी विदेशमन्त्री मार्को रुबियोले इरानसँगको युद्ध अन्त्य हुने संकेत देखिएको बताएका छन ।

फक्स न्युजसँग कुराकानीमा उनले इरानसँग कुनै पनि बेला सिधा भेटघाट हुनसक्ने दाबी गरेका हुन । उनले अमेरिकी राष्ट्रपति डनल्ड ट्रम्पले इरानसँग झुटा वा देखावटी वार्ता नगर्ने पनि स्पष्ट पारे । यस क्रममा उनले नेटोको आलोचना पनि गरे।

यसअघि अमेरिकी राष्ट्रपति ट्रम्पले पनि दुई वा तीन हप्ताभित्र अमेरिका इरान युद्धबाट बाहिरिने संकेत गर्नुभएको थियो । इरानले कुनै हालतमा पनि आणविक हतियार हासिल गर्न नसकोस् भन्ने आफ्नो लक्ष्य पूरा भएको राष्ट्रपति ट्रम्पले स्पष्ट पारे । साथै ट्रम्पले इरानका सबै कुरा ध्वस्त पार्न चाहेको उल्लेख गर्दै यसभन्दा पहिले सम्झौता पनि हुन सक्ने पनि बताए ।

यसैबीच इरानका राष्ट्रपति मसुद पेजेस्कियनले पनि केही सर्त पूरा भएमा अमेरिका र इजरायलसँग युद्ध अन्त्य गर्न आफूहरु तयार रहेको बताए । इरानको सरकारी सञ्चारमाध्यमले राष्ट्रपति पेजेस्कियानले युरोपेली परिषद्का अध्यक्षसँगको फोन वार्तामा उक्त अभिव्यक्ति दिएको उल्लेख गरेको छ ।

यसअघि इरानले अमेरिकाको १५-बुँदे शान्ति प्रस्तावको जवाफमा पनि आक्रमण नदोहोरिने ग्यारेन्टी मागेको थियो । गत फेब्रुअरी २८ मा अमेरिका र इजरायलले इरानमा हवाई हमला गरेयता युद्ध जारी छ । जसमा परी अहिलेसम्म ४ हजार ५०० भन्दाबढी नागरिक मारिएका छन् ।

# प्रलोपाबाट बाहिरिए किराँती

दमक । प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा) अध्यक्ष परिषद्का सदस्य सुदन किरातीले राजीनामा दिएका छन् । किरातीले बिहीबार पदबाट राजीनामा दिएका हुन् । किरातीले राजनीतिमा नैतिकता र जिम्मेवारी महत्वपूर्ण हुने भन्दै आफ्नो पदबाट राजीनामा दिएको प्रस्ट पारेका छन् । उनले बुधबार सम्पन्न परिषद् बैठकमा सहभागी नभई राजीनामा स्वीकृतिका निम्ति अर्को पत्र पठाएका थिए ।

किरातीले प्रलोपाबाट राजीनामा दिएसँगै हर्क साम्पाङ नेतृत्वको श्रम संस्कृति पार्टीमा प्रवेश गर्ने चर्चा चुलिएको छ ।

# पिकअप दुर्घटनामा एकको मृत्यु

फिदिम । पिकअप दुर्घटना हुँदा पाँचथरको हिलिहाङ गाउँपालिका-५ बञ्चरेडाँडा स्थित गुरासे-सुभाङ सडक खण्डमा एक जनाको मृत्यु भएको छ भने दुई जना घाइते भएका छन ।

मृत्यु हुनेमा हिलिहाङ-५ सुभाङका २४ वर्षीय आवास माबो रहेको जिल्ला प्रहरी कार्यलय पाँचथरका प्रहरी नायब उपरीक्षक अनिष कुमार कर्ण जानकारी दिए । बिहीबार अमलिसो (कुच्चो) बोकेको पिकअप गाडी अनियन्त्रित भई सडकबाट करिब ६० मिटर तल खसेर दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय पाँचथरले जनाएको छ ।

प्रहरी चौकी जोरपोखरीबाट प्रहरी निरीक्षक ज्ञानेन्द्र सुबेदीको कमान्डमा खटिएको टोलीले घाइते तीनै जनालाई उद्धार गरी जिल्ला अस्पताल पाँचथर पठाएको थियो । उपचारका क्रममा माबोको निधन भएको अस्पतालले जनाएको छ । गाडीमा सवार सोही स्थानका २४ वर्षीय सन्दिप उभरकोटी र चालक झापा बुद्धशान्ति गाउँपालिका-६ का २५ वर्षीय कृष्णबहादुर बराइली सामान्य घाइते भएका छन् ।

चालक बराइलीलाई प्रहरीले नियन्त्रणमा लिएर थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

गंगा ट्राभल्स एण्ड टुर्स

हाम्रा सेवाहरु:
➢ राष्ट्रिय तथा अन्तराष्ट्रिय सस्तोमा हवाई टिकट
➢ भारतका लागि रेल, बसको टिकट
➢ बैदेशिक रोजगारीको लागि श्रम स्वीकृति
➢ टुर प्याकेज तथा मनि ट्रान्सफर(IME)को सुविधा

Pre-Purchased fare"Ktm to Doha, Dubai, Kuwait "UAE Visit Visa available
Are you going to India ?
Special Pre Purchase fare for India
Indigo, Spice Jet, Air Asia, Vistara, Akasa air
बागडोगराबाट दिल्ली, कोलकाता, मुम्बई, अहमदाबाद,
बागडोगरा
गंगा ट्राभल्स एण्ड टुर्स
दमक-५, बेलडाँगी रोड, डिम्याक्स् सिनेमा अगाडी, ओम शान्ति डेन्टल हस्पिटलसँगै फोन:०२३-५७५३११/९८४२६४५१३६/९८१४९८५७२०

# दंगाल बने दलको नेता



काठमाडौं/ नेकपा एमाले राष्ट्रिय सभा संसदीय दलका नेतामा डा. प्रेम दंगाल चयन भएका छन् । संघीय संसदीय दलका नेता रामबहादुर थापा बादलको प्रस्तावमा डा.दंगाल सर्वसम्मतरूपमा चयन भएका हुन् ।

उनी हालै सम्पन्न राष्ट्रिय सभा निर्वाचनबाट निर्वाचित भएका हुन् । दंगाल नेकपा एमालेनिकट अखिल नेपाल किसान महासंघका अध्यक्षसमेत हुन् । यस अघि एमालेले प्रतिनिधीसभाको संसदीय दलको नेतामा बादललाई चयन गरि सकेको छ ।

# दमकका मालपोत र नापी कार्यालयमा बिहिबारको दृश्य

दमक । अरूदिनभन्दा बिहिबार दमक मालपोत र नापी कार्यालय परिसरको दृश्य बेगल देखिन्थ्यो । अरूबेला सेवाग्राहीहरूको कागजपत्र लेखनदास तथा कानुन व्यवसायी वा उनीहरूका प्रतिनिधिले बोकेर लैजान्थे तर बिहीबार जस्को काम छ, उसैले बोकेर सम्बन्धित फाँटमा जानुपर्ने सूचना जारी गरिएको थियो । सूचनामा विभागीय हवाला दिँदै सम्बन्धित कार्यालयले जानकारीका लागि टाँसिएको सूचनामा भनिएको छ " सेवा प्रवाहलाई प्रभावकारी र गुनासो रहित बनाउन कार्यालयमा अनाधिकृत व्यक्तिहरू (बिचौलिया) लाई प्रवेश निषेध गर्न परिचय खुल्ने कागजात हेरेर मात्र कार्यालयमा प्रवेश दिने व्यवस्था मिलाउने साथै अनाधिकृत व्यक्तिहरूलाई सरकारी कार्यालय भित्र प्रवेश गर्न नदिने व्यवस्था कडाईका साथ कार्यान्वयन गर्न आदेश भएको हुनाले कार्यालयमा कार्यालयको कामकाज सम्बन्धि काम भएको सेवाग्राहीहरू मात्र कार्यालयमा प्रवेश गर्नुहुन सम्पूर्ण सेवाग्राहीहरूमा विनम्र अनुरोध छ ।" कार्यालयमा अनाधिकृत व्यक्ति (विचौलिया) प्रवेश गरेमा प्रचलित कानुन बमोजिम कारवाहीको भागेदार हुने व्यहोरा जानकारीका लागि अनुरोध छ ।

सोही सूचनाको आधारले कोही लेखापढी व्यवसायी सेवाग्राहीको काम लिएर भित्र जान आँट गरेनन् । सेवाग्राही आफै जाँदा होलो खुकुलो त थियो नै तर धेरै जना अलमलिएर काममा केही झन्झट भने भएको देखिन्थ्यो । यता व्यवसायीहरू भने बृहत छलफलमा व्यस्त थिए । केही दिन हेरौं कस्तो परिणाम आउँछ त्यसपछि कदम चाल्ने निष्कर्षमा पुगेको एक सहभागीले जनाएका छन् ।

# सरकारीको पैसा फिर्ताको प्रक्रिया शुरू

दमक/सरकारले विभिन्न सहकारी संस्थामा ठगिएको सर्वसाधारणको पैसा फिर्ता दिलाउने प्रयास शुरू गरेको छ । यसका लागि भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री प्रतिभा रावलले अग्रसरता लिएकी हुन् । प्रारम्भिक चरणमा उनले यस बारेमा सहकारी पीडितसँग छलफल सुरु गरेकी छन् ।

सरकारले सय दिनभित्र साना सहकारी बचतकर्ताहरूलाई रकम फिर्ता गराउने लक्ष्य लिएको छ । मन्त्रालयमा देशभरका विभिन्न सहकारीका पीडितहरु भेला भई मन्त्री रावलसँग आफ्ना समस्या र गुनासा राखिरहेको उनको सचिवालयले जनाएको छ । लामो समयदेखि बचत फिर्ता नपाउँदा मारमा परेका सर्वसाधारणले प्रत्यक्ष रूपमा आफ्नो अवस्था सुनाउने अवसर पाएका छन् । छलफलका क्रममा मन्त्री रावलले पीडितहरूको समस्या समाधानलाई उच्च प्राथमिकतामा राखिएको बताएकी छन् । पीडितहरूको सम्बोधन कसरी प्रभावकारी रूपमा गर्ने भन्ने विषयमा मन्त्रालय गम्भीर रहेको उनको भनाई छ । सरकारले सहकारी क्षेत्रमा देखिएका समस्या समाधान गर्न चरणबद्ध रूपमा काम अघि बढाएको र विशेषगरी साना बचतकर्ताहरूलाई राहत दिने योजनामा केन्द्रित रहेको मन्त्री रावलको भनाइ छ ।

# करेन्ट कामदारको मृत्यु

झापा । ग्रिलको काम गर्ने क्रममा करेन्ट लागेर अर्जुनधारामा एक कामदारको मृत्यु भएको छ ।

विहिबार मध्यान्ह १२ बजे भारत धुपगढी स्थायी घर भई हाल बिर्तामोडस्थित चेतन सिटौलाले संचालन गरेको पुजा ग्रिलमा काम गर्दे आएका २३ वर्षीय गोविन्द मण्डलको करेन्ट लागेर मृत्यु भएको हो । अर्जुनधारा ४ भाङबारीस्थित विन्दाबासिनी मन्दिरको कम्पाउण्डमा ग्रिलको काम गर्ने क्रममा उनलाई अचानक करेन्ट लागेको थियो ।

घाइते मण्डललाई उपचारको लागि विर्तासिटी अस्पताल विर्तामोडमा ल्याई डाक्टरले चेकजाँच गर्दा मृत्यु भइसकेको थियो । मृतकको शव सोही अस्पतालमा रहेको छ । घटनाबारे अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

यौन हिंसाबाट बचौं र बचाऔं

♦ यौनजन्य हिंसा सामाजिक अपराध हो,
♦ बालबालिका यौनजन्य हिंसाको जोखिममा हुन सक्छन्,
♦ हिंसा छिमेकी, आफन्त, साथीभाई, परिचित, नातेदार वा जोसुकैबाट हुनसक्छ,
♦ अभिभावकले आफ्ना छोराछोरीको व्यवहार ख्याल गरौं,
♦ बालबालिकाको चालचलन, बानीव्यहोरामा अस्वभाविक परिवर्तन आएको हुन सक्छ, त्यस्तो पाइए उनीहरुसँग तत्काल कुरा गरौं,
♦ बालबालिकासँग नियमित सम्वाद गर्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## उर्लाबारी नगरपालिकाको सँधियारको नाममा ७ दिने सूचना

उर्लाबारी नगरपालिका वडा नं. ०४बस्ने पुनम ज्योती रानाको नाममा दर्ता कायम रहेको मधुमल्ला५/छ मा भएको कि.नं. २९०० ज.वि. ०-०-१७-०मा बनेको घर अभिलेखिकरका लागि यस नगरपालिकामा निवेदन दर्ता भएको र सो निवेदन अनुसार सँधियारको नाममा १५ दिने सुचना जारि गरि१६ दिनपछि यस कार्यालयबाट सर्जमिन मुचुल्का तयार पार्दा उतरतर्फका सँधियार भिममाया श्रेष्ठ उपस्थित नहुनु भएको हुदा उहाँलाई उक्त स्थानमा घर अभिलेखिकरण गर्दा कुनै विरोध भएमा सो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्रमा यस कार्यालयमा उपस्थित हुन यो सुचनामर्फत् जानकारी गराइन्छ अन्यथा निजको नाममा नियम अनुसार घर अभिलेखिकरण भइ जाने व्यहोरा जानकारी गराइन्छ।



ॐ शान्ति डेन्टल हस्पिटलका सेवाहरू

१) दाँत तथा मुख सम्बन्धी सम्पूर्ण परिक्षण उपचार तथा परामर्श सेवा
२) दाँत निकाल्ने
३) दाँत भर्ने
४) दाँतको जरैदेखि उपचार गर्ने ।
५) कृतिम दाँत राख्ने ।
६) दाँतको खोल राख्ने ।
७) दाँत नभएको ठाँउमा झिक्नु नपर्ने गरी दाँत राख्ने ।
८) नमिलेको ठाउँमा टिङ्गा दाँतमा तार बान्ने ।
९) अत्याधुनिक मेसिनले दाँत सफा गर्ने ।
१०) गिजा सुनिन्ने, श्वास गन्हाउने, गिजाबाट रगत आउने तथा पाएरियाको उपचार गर्ने ।
११) Oral-Ulcer तथा Oral-Cancer को परामर्श ।
१२) मुखको साधारण सल्यक्रिया सेवा । Minor Sugery
१३) मुखको जटिल सलयक्रिया सेवा । Major Sugery
१४) दाँतको Implant गर्ने ।
१५ ) दाँतको OPD सेवा ।

आवद्ध डाक्टरहरू
☞डा. हेम राज गैरे
☞डा. सि.पि. गैरे
☞डा. राहुल गुप्ता
☞डा. विवेक शिंह
☞डा. टंक न्यौपाने
☞डा. स्मारक दाहाल
☞डा. मोलिका श्रेष्ठ
☞डा. काश्मी श्रेष्ठ
☞डा. सायारा ढकाल
☞डा. अन्जली ठाकुर

ॐ शान्ति डेन्टल हस्पिटल
दमक-५ बेलडांगी रोड, डि म्याक्स अगाडी (फोनः ०२३-५७५९०६)

प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, प्रबन्धक: सुवासचन्द्र भट्टराई, कार्यकारी सम्पादक: खगेन्द्र कार्की ले-आउट: सुरेन बस्नेत सल्लाहकार : पंकज दाहाल
कार्यालय: दमक-५, झापा, फोन: ०२३-५७०२७२, मुद्रण: ज्योति अफसेट प्रेस, E-mail:purbasandesh@yahoo.com